का.जि.प्र.का.द.नं. १००/०५९/६०

१२ असार २०७९,
आइतबार
26 June 2022,
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक १४१ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# ‘रहर’को अस्थिरता

फिर्ता गर्न खोजिएका मन्त्रीहरुको पद नछोड्ने रहर, प्रस्तावित मन्त्रीहरुको छिट्टै कार्यभार सम्हाल्ने रहर, मन्त्रिपरिषद हेरफेरले पार्टीमा असन्तुष्टि चुलिन सक्ने भएकाले रोक्ने कांग्रेस, माओवादी केन्द्र र जसपाको रहर, सबैको कुरा सुनेर कसैलाई असर नपर्ने गरी निर्णय लिने प्रधानमन्त्रीको रहरले पछिल्लो एक महिनादेखि मुलुकलाई अस्थिरताको अभास दिलाइरहेको छ ।




**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, ११ असार ।

नेकपा एकीकृत समाजवादीले पार्टीका तर्फबाट सरकारमा गएकाहरुलाई फिर्ता बोलाएर नयाँ मन्त्रीहरु बनाउन चाहेको करिब एक महिना भयो । नयाँ मन्त्री बनाउने पार्टीको चाहनामा टेकेर तत्काल मन्त्री बन्ने लाइनमा रहेकाहरु सरकारमाथि निरन्तर दबाब बढाइरहेका छन् ।

हाल मन्त्री रहेकाहरुमध्ये केही अझै मन्त्री छाड्न तयार भएका छैनन् । उनीहरुको रहर मन्त्री भएरै आसन्न प्रतिनिधिसभाको चुनाव लड्ने भन्ने छ । यही रहर बोकेर नेकपा एसका तीन मन्त्री शनिवार प्रधानमन्त्री शेरबहादुर देउवालाई दबाब दिन बालुवाटारसम्मै पुगे । वालुवाटार पुगेका मन्त्रीहरु हुन्- स्वाथ्य तथा जनसंख्यामन्त्री विरोध खतिवडा, शहरी विकासमन्त्री रामकुमारी झाँक्री र श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्री कृष्ण कुमार श्रेष्ठ । उनीहरुले आफूहरुको माग र अडान पुरानै भएको दोहोर्‍याएका छन् ।

यी तीनै जना मन्त्रीहरुले नेतृत्व नै गरेर मन्त्रिमण्डल हेरफेरको विषयमा नेतृत्वसँग असन्तुष्टि जनाउँदै पार्टी अध्यक्ष माधवकुमार नेपाललाई ८ बुँदे मागसहित पत्र दिएका थिए । १० जनाले हस्ताक्षर गरेर पत्र दिएपछि ६ जनाले हस्ताक्षर फिर्ता लिएपछि मन्त्री नै रहेर चुनाव लड्ने रहरमा धक्का लाग्न सक्ने अनुमान पछि यी तीन मन्त्री प्रधानमन्त्रीलाई आफ्ना माग र अडान दोहोर्‍याउन वालुवाटार पुगेका हुन् ।

अध्यक्ष नेपाललाई लेखेको मागसहितको पत्रमा १० जनाले हस्ताक्षर गरेकोमा पर्यटनमन्त्री प्रेम आलेसहित ६ जनाले हस्ताक्षर फिर्ता लिएका छन् भने तीन मन्त्री र एक सांसदले फिर्ता नलिइ पुरानै अडान र माग दोहोर्‍याइरहेका छन् ।

यसरी पद जोगाउनका लागि दिनभर मन्त्रीहरु विभिन्न भेटघाट र दौडधुपमा व्यस्त रहँदा मन्त्रालयको काम भने ठप्प भएको छ । मन्त्रालयका कर्मचारीहरु पनि नयाँ मन्त्री आउन सक्ने भनी नयाँ मन्त्रीलाई बृफिङको तयारीमा लागेका छन् । मन्त्रीहरु काममा भन्दा पद जोगाउने दौडधुपमा हुँदा मन्त्रालयको काम नै प्रभावित हुँदा समेत प्रधानमन्त्रीले भने नेकपा एकीकृत समाजवादीको निर्णय र आग्रह बमोजिम निर्णय नदिएर अर्को अस्थिरता लम्ब्याएका छन् ।

प्रधानमन्त्रीले निर्णय नदिएपछि एकीकृत समाजवादीले चेतावनीकै भाषा प्रयोग गर्न थालेको छ । पार्टीले मन्त्री सिफारिस गरेकाहरुलाई तत्काल शपथग्रहण गराउन प्रधानमन्त्री देउवालाई आग्रह गरेको छ । पार्टीको निर्णय कार्यान्वयनका लागि भएको ढिलाइलाई आफूहरुको अपमानको रुपमा बुझ्ने चेतावनी दिन थालिएको छ । पार्टीको शनिबार केन्द्रीय कमिटी बैठक बसेको थियो । प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाका अनुसार केन्द्रीय कमिटी बैठकमै यो विषयमा छलफल भएको छ र मन्त्री हेरफेरको विषयमा प्रधानमन्त्रीलाई धेरै पर्खिएको अब पर्खिन नसकिने निचोड निकालेको छ । ‘आजसमम्म हामीले जति प्रधानमन्त्रीलाई पर्खियौं । – बाँकी पृष्ठ २ मा

**चट्याङको समयमा सतर्क रहौं ।**

चट्याङबाट बच्ने उपायः

- बिजुली चम्केको बेला सतर्क रहने,
- विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने,
- सकभर अग्लो स्थानमा नबस्ने,
- धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने

नेपाल सरकार
विज्ञापन बोर्ड

# नागरिकता ऐन बनाउन दबाब

**शिवराज परियार / मध्यान्ह**
काठमाडौं, ११ असार ।

सत्तागठबन्धनले नागरिकता विधेयक अगाडि बढाउने तयारी गरेको दाबी गरेको छ । लामो समयदेखि संसदमा अड्किएको विधेयकलाइ अझै रोक्न नहुने सरकारका प्रतिनिधिहरु नै बताउँछन् । नागरिकता विधेयक पारित गर्ने विषयमा सत्तागठबन्धन मात्रै होईन, प्रतिपक्षी दल नेकपा एमालेले पनि सहमति जनाउँदै आएको छ । तर, कुन रुपमा अगाडि ब्न भन्ने अझै निर्क्योल भएको छैन् । संघीय संसदको पाँच बर्ष कार्यकाल नै सकिन लाग्दा समेत संविधान अनुसार नागरिकता उेन संशोधन नभएपछि नागरिकता बिहीनहरु आक्रोशित छन् । उनीहरुको आक्रोशलाई लिएर सरोकारवालाहरु सरकारलाई नागरिकता विधेयक अघि बढाउन दबाव दिइरहेका छन् । नागरिकताका विषयमा सहमति जुटाउन गृहमन्त्री बालकृष्ण खाणले एमाले अध्यक्ष केपी शर्मा ओली लगायतसँग पटक-पटक छलफल गरेका छन् ।

> संविधान अनुसार नागरिकता ऐन संशोधन नभएपछि नागरिकता विहीनहरु आक्रोशित छन् । उनीहरुको आक्रोशलाई लिएर सरोकारवालाहरु सरकारलाई दबाब दिइरहेका छन् ।

हरेक सरकारले नागरिता विधेयक पारित गर्ने बताएपनि हालसम्म विधेयक पारित नभएको भन्दै जसपाका कार्यकारिणी समिति सदस्य लक्ष्मणलाल कर्णले पनि आपत्ति जनाएका छन् ।

‘विधेयक पारित गराउन यसअघिका सरकारहरु पनि यसरी तयार भएका थिए, संसदसम्म लगेकै हो, तर त्यो अहिलेसम्म पास भएको छैन’ उनले भने ।

नागरिकताकै विषयलाई लिएर लोकतान्त्रिक समाजवादी पार्टीले गत जेठ २४ गते नागरिकताको समस्या लगायतका अन्य मुद्दा समेटेर प्रधानमन्त्री शेरबहादुर देउवालाई ज्ञापनपत्र बुझाएको थियो । त्यस्तै, गत जेठ २९ गते जसपाका सांसद प्रदीप यादव नेतृत्वको टोलीले प्रधानमन्त्री देउवालाई भेटेर नागरिकता विधेयक संसदबाट पारित गराउन ध्यानाकर्षण गरेको थियो । त्यस्तै जेठ ३० गते लोसपाका अध्यक्ष ठाकुरको नेतृत्वमा पुनः प्रधानमन्त्री देउवालाई भेटेर ११ बुँदे ज्ञापनपत्रको विषयमा ध्यानाकर्षण समेत गराउँदै आएका छन् । सो क्रममा प्रधानमन्त्री देउवाले नागरिकता विधेयक केही दिनमै पारित हुने बताउँदै आएका थिए । त्यस्तै, जसपाका संघीय परिषद् अध्यक्ष डा.बाबुराम भट्टराई सहितका नेताहरु प्रधानमन्त्री देउवालाई भेटेर नागरिकता विधेयक पारित गराउन ध्यानाकर्षण गराएका थिए । सोही अनुसार सर्वदलीय सहमतिमै विधेयक पारित गर्ने तयारी – बाँकी पृष्ठ २ मा

# सत्ता गठबन्धनभित्रै समीकरणको प्रयास

पाँच दलीय सत्तागठबन्धनभित्रै माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र जसपाबीच छुट्टै समिकरणको प्रयास भएको छ । गठबन्धनभित्रै समिकरण बनाएर कांग्रेससँग एकढिक्का भएर बार्गेनिङ गर्ने रणनीतिमा छन् कतिपय नेताहरु ।

**कान्ति न्यौपाने / मध्यान्ह**
काठमाडौं, ११ असार ।

नेपाली कांग्रेसले गठबन्धनका अन्य दललाई अपमान गरेको भन्दै सत्तागठबन्धनका केही नेताहरु आक्रोशित देखिन थालेका छन् । गत स्थानीय चुनावमा पद बाँडफाँड देखि सरकारी नियुक्तीमा समेत विभेद गरेको भन्दै आक्रोशित बनेका हुन् । नेकपा एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनालले कांग्रेसले गठबन्धनमा ठूलो अपमान गरेको भन्दै आपत्ति जनाउँदै आएका छन् ।



‘देशव्यापी संगठन निर्माण गरेर चुनावमा गएको भए ९ लाखको सट्टा २० लाख मत प्राप्त गरिन्थ्यो,’ उनले भने, ‘गठबन्धनले बिल्कुलै अपमान गर्‍यो । गठबन्धनको अपमानले हामीले जति मत प्राप्त गर्नुपर्थ्यो, हासिल गर्न सकेनौं ।’ उनले कांग्रेससँग मात्रै नभएर एमालेसँगै मिलेर जान सकिने पनि बताएका छन् । तर, समाजवादीका अध्यक्ष माधव कुमार नेपाल भने गठबन्धनप्रति सकारात्मक देखिएका छन् ।

‘गठबन्धनका सबै घटकले हामीलाई मिलेरै जाऊँ भन्नुभएको छ’, नेपालले भने, ‘कांग्रेसका तर्फबाट शेरबहादुरजीले गठबन्धनको आवश्यकता छ, चुनावमा पनि मिलेर जाऊँ भन्नुभएको छ । माओवादी केन्द्रका अध्यक्ष प्रचण्डजीले विगतमा भएका कमजोरी स्वीकार्नुभएको छ, ती नदोहोरियोस् भन्नेमा सजग हुनुपर्छ भन्नु भएको छ ।’ उनले अझै गठबन्धनको आवश्यकता रहेको बताउँदै आएका छन् ।

तर, नेकपा माओवादी केन्द्रका नेता वर्षमान पुनले भने आगामी चुनावी गठबन्धनमा कांग्रेसको चलाखी नचल्ने बताउँछन् । ‘स्थानीय तह निर्वाचनमा कांग्रेसले गठबन्धनको नाममा चलाखी – बाँकी पृष्ठ २ मा

# ‘फिनिस’मा नजान मलेसियामा कामदारमाथि दबाब

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ असार

आप्रवासी कामदारको अभाव झेलिरहेका मलेसियाका रोजगारदाताले रोजगार पूर्णरूपमा त्यागेर स्वदेश नजान कामदार माथि दबाब बढाएका छन् । नेपाली दूतावास मलेसियाले साप्ताहिकरूपमा शुक्रबार सञ्चालन गर्ने फेसबुक प्रश्नोत्तर कार्यक्रममा सहभागी अधिकांश नेपालीले पूर्णरूपमा रोजगार छोडेर फर्किने प्रक्रिया ‘फिनिस’मा गए रोजगारीका लागि मलेसिया फर्किन नपाइने भन्दै कम्पनी तर्फबाट दबाब दिइने गरिएको गुनासो गरे ।

कोरोना भाइरसविरूद्धको खोप आई जनजीवन सहज भएपछि मलेसियामा विदेशी कामदारको अभाव देखिएको स्थानीय सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन् ।

विदेशी कामदारको भिसा – बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## ठगीबाट जोगिन सीआईबीको आग्रह

**काठमाडौं / रासस–** नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान व्यूरो (सीआईबी)ले सामाजिक सञ्जाल प्रयोग गरी वैदेशिक रोजगार लगायत विभिन्न क्षेत्रमा ठगी भएको भन्दै सचेत रहन आग्रह गरेको छ ।

सीआईबीले सूचना जारी गरी पछिल्लो समयमा सामाजिक सञ्जाल तथा विभिन्न विद्युतीय माध्यम प्रयोग गरी प्रलोभन दिएर ठगी गर्ने कार्य बढिरहेको भन्दै सचेत हुन र त्यस्ता गतिविधि भइरहेको – बाँकी पृष्ठ २ मा

**Vacancy Announcement**

A Reputed Manpower Recruitment Company based in Kathmandu is seeking applications from deserved applicants for the following position:-

ACCOUNTANT - 1 (Female)
PRO - 1 (Female)

Requirements: Attractive Salary
- Well known of computer Knowledge.
- Must have 2 years experience in same field.
- Fresher Also Can Apply Who Have Accounting Knowledge

**Apollo Manpower Services Pvt. Ltd.**
Pinglasthan-9, Gausala, Kathmandu, Tel: 5901748, 5901370, Fax: 4490042
E-mail : amps@mos.com.np, info@apollomanpower.com
apollomanpower2017@gmail.com, Web : apollomanpower.com
श्रम इजाजत पत्र नं.: २२/०४८/०४९




**कतारमा वैदेशिक रोजगारको अवसर**

कम्पनी: MR VALET PARKING SOLUTIONS शहर : DOHA

पूर्व स्वीकृत मिति: २०७९/०३/१० चलानी नं.: ६०१८१६४७ L.T. No.: 265842

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 80 | 0 | स. काममा दक्ष | 1700 | ५८,१५७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ असार १५ गते (29 June 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**R.B. OVERSEAS PVT. LTD.**
गोंगबु, काठमाडौं, फोन: ४३९०२१५, ४३९००४३, ९८०१०३९४४६, ९८०१०३९४४७
श्रम इजाजत पत्र नं.: ७७२/०६५/०६६

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



### समस्यामा साना किसान

# कृषि ऐन बनाउन सरकारको ध्यानाकर्षण

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ असार

साना किसानहरुको रुपान्तरण एवं दिगो व्यवस्थापनका लागि सरकारले ठोस नीति तथा कार्यक्रमहरु ल्याउनुपर्ने सरोकारवालाहरुले बताएका छन् ।

यूएसएआइडी र सीआरएसको आयोजनामा शुक्रबार ललितपुरमा आयोजित 'साना कृषि फर्महरुको रुपान्तरण एवं रुपान्तरणको दिगो व्यवस्थापनको लागि राष्ट्रिय सम्मेलन २०७९' मा सरोकारवालाहरुले सो कुरामा जोड दिएका हुन् ।

कृषि तथा वन विज्ञान विश्वविद्यालय रामपुरका उपकुलपति प्रा. पुण्य प्रसाद रेग्मीले साना किसानहरुलाई माथि उकास्ने खालको ठोस नीति कार्यक्रमको खाँचो रहेको औंल्याए । उनले भने, 'साना किसानहरुलाई 'इम्पावर' गर्ने खालको ठोस नीति कार्यक्रमको आवश्यक छ । त्यो सरकारले ल्याउनुपर्छ ।'

पछिल्लो समय सरकारी संस्थाहरु भग्नावशेष जस्तो भएको भन्दै उनले सरकारी संस्था बलियो भए सेवा प्रवाह पनि बलियो हुने बताए । आफ्नो विश्वविद्यालयले ७७ वटै जिल्लामा प्रधानमन्त्री कृषि कार्यक्रम अन्तर्गत विद्यार्थीहरुलाई इन्टरसीपमा पठाएर किसानका समस्याहरु समाधानमा सहयोग पुर्याइरहेको उनको भनाइ छ ।



आगामी आर्थिक वर्षको बजेट किसानमैत्री भएको भन्दै त्यसलाई कार्यान्वयनमा ध्यान दिनुपर्ने उपकुलपति रेग्मीले बताए ।

कार्यक्रममा कृषि मन्त्रालयका सचिव डा. गोविन्द प्रसाद शर्माले अहिले पनि साना किसानहरुको समस्या जस्ताको त्यस्तै रहेको बताए । किसानहरुले जोखिमको यात्रा गरिरहेको भन्दै उनीहरुले प्रविधिक पाउन नसकेको, उत्पादन र किरासँग लड्ने खालको प्रविधि नभएको बताए । किसानहरु बाढी, पहिरो जस्ता प्राकृति विपदसँग पनि ठगिएको उनको भनाइ छ ।

कृषिमा आएर काम गर्न चुनौती नै चुनौती रहेको सचिव शर्माले बताए । सरकारले बजेटको हिसाबले पनि कम मात्र छुट्याउने गरेको भन्दै उनले साना किसानहरुलाई नीति, प्रविधि र भूमीमा समस्या रहेको बताए ।

कृषि मन्त्रालयका सहसचिव डा.राजेन्द्र मिश्रले देश तीन तहमा गइसकेपछि मात्रै कृषि क्षेत्रमा एक खर्व बराबरको सहयोग भएको बताए । पछिल्लो समय कृषि प्राविधिकहरुका सथौ नीजि लगानीकर्ताहरु पनि बढेको उनको भनाइ छ ।

कृषि तथा पशु विज्ञान संस्थान, त्रिभुवन विश्वविद्यालयका डीन डा. भार्गव धितालले कृषि प्रधान देश नेपालमा किसानहरुले अझै पनि सहजै रासायनिक मल पाउन नसकेको भन्दै गुनासो गरे । सरकारले कृषि क्षेत्रमा करोडौं लगानी गरेपनि प्रतिफल भने कम मात्रै पाएको बताए । गण्डकी विश्वविद्यालय पोखराका उपकुलपति प्रा. नवराज देवकोटाले कृषि क्षेत्रको विकास जटिल अवस्थामा रहेको बताए । उनले किसानदेखि किसान कार्यक्रमले विशेषज्ञ र स्वयम्सेवी सेवा दिने कार्य आफैंमा महत्वपूर्ण रहेको बताए ।

कृषि तथा वनविज्ञान विश्वविद्यालय रामपुरकी विभाग प्रमुख प्रा. दुर्गा देवकोटाले नेपालमा पछिल्लो समय युवाहरु विदेशीने क्रम बढेको भन्दै उनीहरुलाई नेपालमै कृषि क्षेत्रको माध्यमबाट व्यवसायीक बनाउनेतर्फ राज्यले ध्यान दिनुपर्ने बताइन् । किसानहरु अहिले पनि सिँचाई लगायत अन्य धेरै समस्याहरु झल्ने बाध्य भएको उनको भनाइ छ ।

यूएसएआइडीका नभिन हाडाले किसानहरुले आफ्नो व्यावसायलाई नयाँ ढंगबाट अगाडि बढाउनुपर्ने बताए । कृषि क्षेत्रमा काम गर्नका लागि कस्तो किसिमका कार्यक्रम ल्याउने भनेर आफुहरुले कार्यक्रम सञ्चालन गर्न लागिएको उनको भनाइ छ । साना किसान लक्षित नीति बनाउन सरकारलाई दबाब दिनुपर्ने उनको भनाइ थियो ।

सिआरएस नेपाल 'फ्रामर टु फ्रामर' प्राजेक्टका निर्देशन निर्मल गडालले नेपालमा साना किसानहरुको दिर्घकालनी रुपान्तरण, वर्तमान अवस्था र आगामी कदमका बारेमा जानकारी गराउँदै आफूहरुले साना किसानहरुको हक हितका लागि विगतदेखि नै काम गर्दै आएको बताए ।

राष्ट्रिय कृषक समुह महासंघ, नेपालका अध्यक्ष नवराज बस्नेत, नेपाल कृषि सहकारी केन्द्रीय संघका महेश्वर सुवेदी लगायतले ८० प्रतिशत भन्दा बढी उत्पादनमा साना किसानको योगदानमा केन्द्रित रहेको बताए । कृषिमा साना किसानको योगदान रहेन पनि बजेटले किसानका समस्या सम्बोधन गर्न नसकेको भन्दै गुनासो गरे । उनीहरुले कृषि ऐन बनाउन सरकारको ध्यानाकर्षण गराए ।

# माथागढीमा निःशुल्क आयुर्वेद स्वास्थ्य शिविर

**बिकाश काफ्ले/मध्यान्ह**
पाल्पा, ११ असार

पाल्पाको माथागढीमा निःशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ । माथागढी गाउँपालिकाको आयोजना र चिदीपानी आयुर्वेदको सहआयोजनामा निःशुल्क आयुर्वेद स्वास्थ्य शिविरको आयोजना गरिएको हो ।

शिविरको उद्घाटन कार्यक्रममा बोल्दै प्रमुख अतिथि माथागढी गाउँपालिकाका अध्यक्ष यम चिदीले आयुर्वेदको विकास र विस्तारको लागि सहयोग गर्न तयार रहेको बताए ।




चिदीपानी आयुर्वेद औषधालयका प्रमुख अमृत भण्डारीले माथागढीमा आयुर्वेदको विकास र जनचेतना विस्तारका लागि शिविरको आयोजना गरिएको बताए ।

शिविरमा पालुङ्गमैनादी आयुर्वेद औषधालयका प्रमुख डाक्टर रोमहर्ष नेपाल, जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रका वैद्य निरीक्षक यज्ञप्रसाद गैरे र सरीता केसी, चिदीपानी आयुर्वेद औषधालयका कर्मचारीहरुले बिरामीको नाम दर्ता, स्वास्थ्य परीक्षण औषधि वितरण गरेका थिए ।

शिविरमा ३ सय २६ जनाले आयुर्वेद चिकित्सा सेवा तथा निःशुल्क आयुर्वेद सेवा लिएका डा. रोमहर्ष नेपालले बताए । उनका अनुसार शिविरमा ३ सय ११ जनालाई आयुर्वेद औषधि वितरण गरिएको थियो ।

कार्यक्रमको औपचारिक उद्घाटन माथागढी गाउँपालिका वडा ३ का अध्यक्ष तेज घर्ती मगर अध्यक्षतामा भएको थियो ।

# रोटरी क्लव अफ जावलाखेलले मनायो २० औं स्थापना दिवस

**ललितपुर/मस**–रोटरी क्लव अफ जावलाखेलले आफ्नो २० औं स्थापना दिवस मनाएको छ । क्लवका पूर्व तथा वर्तमान पदाधिकारी, क्लब सदस्यहरु तथा एसिस्टेन्ट गभर्नरको उपस्थितिमा क्लबले आफ्नो जन्मोत्सव मनाएको हो ।

स्थापना दिवसका अवसरमा क्लबकी पूर्व अध्यक्ष तथा रोटरी डिस्ट्रिक्ट ३२९२ नेपाल भूटानकी पहिलो महिला गभर्नर जया राज्यलक्ष्मी शाहले रोटरी क्लव अफ जावलाखेल गौरवपूर्ण बिरासतलाई कायम गर्दै अगाडि बढेको बताइन् । पूर्व गभर्नर शाहले क्लवको विगत गौरवपूर्ण भएको बताइन् । उनले थपिन्, 'वर्तमानमा पनि क्लव गतिशिल छ र भोलिका दिनमा पनि उक्त गतिशिलता कायम रहने विश्वास लिएकी छु । आफ्नो रोटरीको यात्राबारे अनुभव बाँड्दै पूर्वगभर्नर शाहले रोटरी क्लव अफ जावलाखेलको सदस्य हुनमा गर्वको अनुभूति गर्ने गरेको बताइन् । नेपालको रोटरी समाजमा रोटरी क्लव अफ जावलाखेको एक बिशिष्ट र भिन्न पहिचान रहेको क्लवका पूर्व पदाधिकारी तथा अतिथिहरुले बताएका थिए ।

रोटरी क्लव अफ जावलाखेलबाटै रोटरी डिस्ट्रिक्ट ३२९२ नेपाल भूटानको पहिलो महिला डिस्ट्रिक्ट गर्भनर क्लबकी पूर्व अध्यक्ष रोटरियन जया राज्यलक्ष्मी शाह बनिन भने नेपालका रोटरी सदस्यका सन्दर्भमा पहिलो महिला रोटरियनको रुपमा रहेकी डा सुनिती आर्चाय पनि यसै क्लवसँग आवद्ध रहेकी छन् ।


## रंगेली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**रंगेली, मोरङ**
**१ नं. प्रदेश, नेपाल**

### आशयपत्र सम्बन्धमा

**प्रकाशित मितिः २०७९/ ०३/१२ गते**

उपरोक्त सम्वन्धमा रंगेली अस्पतालको लागि फोहोर व्यवस्थापन प्रणालीको निमित स्वास्थय केयर समानहरु सप्लाई गर्ने कार्य, रंगेली ७, एन.सि.बी./रंगेली/गुडस/१५/०७८/७९, को लागि मितिः २०७९/०२/०६ गतेको पत्रिकामा प्रकाशित सूचना अनुसार म्याद भित्र दर्ता हुन आएका ई-शिलबन्दी बोलपत्रहरु मितिः २०७९/०३/०७ गते खोलिएका शिलबन्दी बोलपत्रहरु मूल्यांकन गर्दा तपशिल बोलपत्र सार्वजनिक खरिद नियमावली २०६४ को दफा ८४ (१०) बमोजिम न्यून मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएकोले सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो आशय पत्र प्रकाशित गरिएको व्हहोरा अनुरोध छ ।

**तपशिल**

| सिं.नं. | ठेक्का नं. | बोलपत्रको नाम र ठेगाना | कबोल अंक मु.अ.कर सहित | कैफियत |
|---|---|---|---|---|
| १. | एन.सि.बी./रंगेली/गुडस /१५/०७८/७९ | निककी डिसट्रिब्यूटर्स धरान, सुनसरी | ४०९६२५०।०० | |

**प्रमुख प्रशासकीय अधिकृत**


“रहर”को ....

पुष्पकमल दाहाल प्रचण्डलाई पर्खियौं, तत्काल हाम्रा काम पूरा गर्नुहोस् नयाँ मन्त्री सपथ ग्रहण गराउनुहोस्, अब ढिलो गर्नुभयो भने तपाईहरुले हामीलाई गरेको अपमान हो भन्ने सम्झिन्छौं' खतिवडाले भनेका छन् । यसैमा उनी थप्छन्, 'तपाईहरु (देउवा/प्रचण्ड)ले आन्तरिक तनाव व्यवस्थापन गर्न खोज्दा हाम्रो पार्टीमा खेल्न खोजेको हामीलाई लज्जित गर्न खोजेको जस्तो देखिएको छ । अब ढिलाइ गर्नुभयो भने त्यसपछिको कुरा त्यसपछि गरौंला ।'

एकीकृत समाजवादीले हाल मन्त्रिपरिषदमा रहेका नेताहरु विरोध खतिवडा, रामकुमारी झाँक्री, प्रेमबहादुर आले र कृष्णकुमार श्रेष्ठलाई फिर्ता बोलाउने निर्णय गरेको छ ।

हाल स्वास्थ्य राज्यमन्त्री रहेका भवानी खापुङलाई स्वास्थ्यमन्त्री, जीवनराम श्रेष्ठलाई संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, मेटमणि चौधरीलाई शहरी विकास, शेरबहादुर कुँवरलाई श्रम र हीरा केसीलाई स्वास्थ्य राज्यमन्त्री बनाउने निर्णय गरेको छ ।

प्रचार विभाग प्रमुख खतिवडाले एकीकृत समाजवादीले पठाएको नयाँ मन्त्रीको सूचिमा संशोधन नहुने पनि बताए । केही मन्त्रीहरुले मन्त्रीको सूचि हेरफेर गर्नुपर्ने भनी पार्टीमा माग गरेको चर्चा चलेको थियो । तर खतिवडाले भने, ' मन्त्रीको सूचि संशोधन हुँदैन, समय क्रममा नाम थप्नुपर्ला, घटाउनुपर्ला, तर अहिले नाम संशोधन गरेर नयाँ नाम पठाइँदैन ।'

नागरिकता...

भएको प्रधानमन्त्री देउवा निकट एक नेताले जानकारी दिए ।
गत २०७५ सालमा तत्कालीन सरकारले नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक संसदमा दर्ता गरेको थियो । उक्त ऐनलाई छलफलका लागि राज्य व्यवस्था तथा सुशासन समितिमा पठाइयो । तर, लामो समयको छलफलमा पनि सहमति जुट्न नसकेपछि उक्त विधेयक वर्षोदेखि अलपत्र परेको हो ।

समितिका सांसदहरुबीच सहमति नजुटेपछि विधेयकमाथिको छलफलका लागि एमाले सांसद विजय सुब्बाको संयोजकत्वमा उपसमिति समेत गठन भयो । तर, त्यहाँबाट पनि पूर्ण सहमति नजुटेपछि अङ्गीकृत नागरिकताका विषयलाई थाँती राखेर बहुमतीय प्रकृयाबाट अन्य विषयमा सहमति बनेको थियो ।

विधेयकमा दलहरुको बीचमा मुख्य विवाद वैवाहिक अंगीकृत नागरिकतासम्बन्धी प्रावधानमा रहेको छ । नेपाली पुरुषसँग विवाह गरेर आउने विदेशी महिलाले विवाह भएलगत्तै नागरिकता प्राप्त गर्न सक्ने तर, ६ महिनाभित्र विदेशी नागरिकता वा कुनै राष्ट्रिय परिचयपत्र लिएको भए त्यसलाई त्यागेको निस्सा पेस गर्नुपर्ने प्रावधान विधेयकमा समेटिएको हुँदा विवाद बढेको हो । यद्यपि अहिले भने सरकारले सहमति जुटाएर विधेयक पारित गर्ने बताएको छ ।

सत्ता...

गरेको देखियो । आफू जित्ने ठाउँमा माओवादीलाई अरूसँग गठबन्धन गर्न नदिने, माओवादी जित्ने ठाउँमा अरूसँग गठबन्धन गर्ने अनि आफू एक्लै जित्ने ठाउँमा एक्लै लड्ने गरेको देखियो। अब आउने निर्वाचनमा कांग्रेसको त्यस्तो चलाखी चल्दैन,' उनले भने । गठबन्धनलाई निरन्तरता दिने पक्षमा आफूहरु रहेपनि कांग्रेसले अपमान गरे गठबन्धन टुटाउने उनको चेतावनी छ ।

त्यसैगरी सत्तागठबन्धनका अर्का नेता चित्रबहादुर केसीले पनि गठबन्धनले आफूहरुको अपमान गरेपनि यसलाई जोगाएरै जानुपर्ने बताएका छन् । 'हामीलाई गठबन्धनबाट अपहेलना भएको छ, तरपनि प्रतिगमनका विरुद्ध कायम पाँच दलीय गठबन्धनलाई आगामी दिनहरूमा पनि निरन्तरता दिनु आजको आवश्यकता हो,' उनले भने । सत्तागठबन्धनबाट नेपाली कांग्रेस बाहेकको दललाई घाटा भएको नेताहरुले बताएपनि कांग्रेसले भने गबठन्धनबाट सबैलाई लाभ भएको बताउँदै आएको छ ।

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा लगायतका नेताहरुले पनि गठबन्धनलाई आगामी चुनावसम्म कायमै राख्नुपर्नेमा जोड दिईरहेका छन् । तरपनि नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीका केही नेताहरुले निरन्तर गठबन्धनप्रति असन्तुष्टि व्यक्त गर्दै आईरहेका छन् ।

यो असन्तुष्टिको चुरो आसन्न प्रदेश लर संघयि चुनावमा स्थानीय तहमा जस्तै कांग्रेसले एकलौटी जीतका लागि वातावरण बनाउने हो कि भन्ने त्रास देखिन्छ । यही त्रासमा रहेर पाँच दलीय सत्तागठबन्धनभित्रै माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र जसपाबीच छुट्टै समिकरणको प्रयास भएको छ । गठबन्धनभित्रै समिकरण बनाएर कांग्रेससँग एकढिक्का भएर बार्गेनिङ गर्ने रणनीतिमा छन् कतिपय नेताहरु

“फिनिस”मा

एप्रुभलमा ढिलाई गरिरहेको भन्दै मलेसियाका निजी क्षेत्रका उद्योगीहरूले सरकारको आलोचना गरेका छन् । मलेसियाका पाम आयल, कन्स्ट्रक्सन तथा म्यानुफ्याक्चरिङ सेक्टरमा विदेशी कामदारको माग अनुसार पूर्ति हुन नसकेको बताइएको छ ।

केही नेपाली कामदारले बढेको तलब नपाएको गुनासो गरेका छन् । बढेको तलब बैंकमा जम्मा गरिदिँदा कानून पालना यप लय नगरेको देखिने भएपछि न्यूनतम १५ सय रिंगेट भन्दा कम तलब दिने रोजगारदाताहरूले हातमा नै नगद तलब दिने गरेको केही नेपालीको गुनासो छ ।

ठगीबाट...

जानकारी आएमा सूचना दिनसमेत अनुरेध गरेको छ ।

प्रहरीले विदेशी नागरिकको आवरणमा आकर्षक गन्तव्यमा देशमा वैदेशिक रोजगारीमा पठाई दिने, उतै विवाह गर्ने, व्यापारिक साझेदार बनाउने वा सामाज सेवाका नाममा डलरले भरिएका बाक्साका फोटो देखाई एवं झुठा श्रव्य दृष्य सामग्रीसमेत पठाई भ्रममा पारी ठगी गर्ने गरेको पाइएको प्रहरीले जनाएको छ ।

व्यूरोका प्रहरी उपरीक्षक श्यामकुमार महतोले पछिल्लो समय नेपालमा अवैध ऋण लगानी (मिटर ब्याज) गरी दिएको रकमको धेरै गुणा रकम तिरिसक्दासमेत तमसुक, चेक वा दृष्टीबन्धक जग्गा फिर्ता नदिई उठीवास गराउने गरेको, वैदेशिक रोजगारीको प्रलोभन, फोन, मेल र सामाजिक सञ्जालको दुरुपयोग गरी वा सामाजिक सञ्जालमा साथी बनाई चिट्ठा, उपहारका नाममा ठगी, सस्तो मुल्यमा सामान पठाई दिने भनी ठगी गर्नेजस्ता घटना देखिएको बताएका छन् ।

त्यसैगरी नजिकका व्यक्ति बनी आकस्मिकरुपमा फोनका माध्यमबाट पैसा मागी ठगी गर्ने, मोबाइल बैंकिङका पासवर्ड र बैंकका विवरण मागी रकम झिक्ने, सामाजिक सञ्जालमा भिडियो कल गरी अश्लिल फोटो तथा भिडियो लिई अपलोड गरिदिने धम्कि दिई आपराधिक लाभ लिने, नेपालीको बैंक खातामा अवैध रकम जम्मा गर्न लगाई हुण्डीमार्फत विदेशमा पठाउन लगाउने वा नचिनेका व्यक्तिलाई पैसा दिन लगाई आपराधिक कार्यमा संलग्न गराउने कार्य भएको भनी प्रहरीमा उजुरीसमेत परेको ब्युरोले जनाएको छ ।

नेपालमा क्रिप्टोकरेन्सी तथा डिजिटल नेटवर्किङ आदिबाट धेरै गुणा प्रतिफल दिने भनी प्रलोभनमा पारी ठगी गर्ने कार्यसमेत देखिएको जनाउँदै व्यूरोले यस्ता अवाञ्छित कार्यका सम्बन्धमा सचेतना बढाई सजगता अपनाउन र ठगीबाट बच्न अनुरोध गरेको छ । ब्युरोले यस्तै ठगीको घटनामा संलग्न नवलपरासीका सुनिलकुमार गुप्ता र जगदिश कानुलाई पक्राउ गरी अनुसन्धान जारी रहेको व्यूरोले जनाएको छ ।


**Province Government**
**Lumbini Province**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**

## Road Infrastructure Development Office

**Rupandehi**

### Invitation for Bid

**IFB No:-19/RIDORUP/078-79**
**Date of publication: June 26, 2022 (2079-03-12)**

1. Road Infrastructure Development Office, Rupandehi invites **electronic bids only** from eligible bidders for following works under NCB bidding procedure.

| SN | Trail Bridge Name | Contract ID | Fee of Bid Doc. (NRs.) | Average Annual Construction Turnover (AACT) | Contracts of Similar Size and Nature | Construction Experience in Key Activities | Bid Validity Period | Bid Security | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | Amount (NRs) | Validity Period (days) |
| 1. | Tulsi Ghat Trail Bridge, Rupandehi . | RIDORUP/RUP/134/NCB/078-79/157 | 3000 | NRs. 2,90,00,000.00 | At least one Trail Bridge having pile foundation with value of at least NRs. 1,55,00,000.00 that has been successfully or substantially completed within the last 10 Years. | At least one Suspension bridge of span 175 m or more that has been successfully or substantially completed. | 90 days | NRs. 550000.0 | 120 days (23th November 2022 ) |

2. Submission and Opening:

| Submission of Bid | | Opening of Bid | | |
|---|---|---|---|---|
| Date | Time | Date | Time | |
| July 26, 2022 | 12:00 hrs | July 26, 2022 | 13:00 hrs | Bidders download the bidding document and submit their bids electronically through e-procurement section of PPMO's website www.bolpatra.gov.np/egp. Bidders should deposit the equivalent fee for bidding document in the following Revenue Account within the date and time specified. |

3. Revenue Account Details:

| Office Name | Bank Name | Bank Address | Account Number | Office code/ Revenue Heading No. |
|---|---|---|---|---|
| Provincial Treasury and Controller Office, Butwal Rupandehi | Rastriya Banijya Bank | Butwal Branch | 1000200010000 (Rajaswa) | Office code : 3370148025, Road Infrastructure Development Office, Rupandehi Revenue Heading no: 14229 |

4. Pre-bid meeting shall be held at the office on July 15, 2022 at 11:00 AM
5. If the office happens to be closed on the date of opening of the bids as specified, the bids will be opened on the next working day at the same time and venue.
6. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

# एनआरएनए कतारद्वारा निःशुल्क स्वास्थ्य परीक्षण



**प्रवास डायरी**
तिलु शर्मा पौडेल/मध्यान्ह

गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारले निःशुल्क स्वास्थ्य परीक्षण कार्यक्रम सम्पन्न गरेको छ। कतारमा रहेका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुका लागि लक्षित गरी कार्यक्रमको आयोजना गरिएको हो । कार्यक्रमबाट २ सय भन्दा बढीले स्वास्थ्य परीक्षण गरेका छन् । १५ जना विशेषज्ञ डाक्टरहरूसहितको टिमले स्वास्थ्य परामर्श, ब्लड प्रेसर, सुगर, कोलेस्ट्रोल, ई सिजी, युरिक एसिड, बिएमआइ (उचाइ र तौलको अनुपात) लगायतका स्वास्थ्य सेवाहरू दिएका थिए। एसियन मेडिकल सेन्टर वक्रामा सम्पन्न कार्यक्रममा एनआरएनए आइसीसीका पदाधिकारीहरूसहित नेपाली दूतावासका कार्यवाहक राजदूत लक्ष्मण खनाल, दूतावासका द्वितीय सचिव प्रवीण भट्टराई लेबर कन्सुलर कृष्ण खनाललगायतको उपस्थिति रहेको थियो।

एनआरएनए कतारले यहाँ कार्यरत नेपाली कामदारहरूको स्वास्थ्यलाई मध्यनजर गर्दै विभिन्न समयमा निःशुल्क स्वास्थ्य परीक्षण गर्नुका साथै श्रमिक सचेतना, महिला स्वास्थ्य समस्या सम्बन्धी सचेतना र रेमिट्यान्स तथा बैंकिङ साक्षरता सम्बन्धी अभिमुखीकरण लगायतका कार्यक्रम गर्दै आएको छ।

# कास्की आदर्श समाजको अध्यक्षतामा देवकोटा

कतारको पुरानो सामाजिक संस्था कास्की आदर्श समाजको आठौं अधिवेशन तथा विविध सांस्कृतिक कार्यक्रम सम्पन्न भएको छ। समाजका अध्यक्ष हेम बहादुर विक (विक्कि) को अध्यक्षता तथा एनआरएनए कतारका अध्यक्ष मोहमद मुक्तदा मुसलमानको प्रमुख आतिथ्यतामा अधिवेशन सम्पन्न भएको हो ।

दुई चरणमा सम्पन्न कार्यक्रमको बन्द सत्रबाट अगन्धर देवकोटाको अध्यक्षतामा नयाँ कार्यसमिति चयन भएको छ । समाजको वरिष्ठ उपाध्यक्षमा सुरज रानाभाट, उपाध्यक्षद्वय अमृत विश्वकर्मा र गोविन्द बराल, सचिव सन्तोष तिमील्सिना, सह(सचिव विष्णु प्रसाद तिमील्सिना, कोषाध्यक्ष केशु गुरुङ, सह( कोषाध्यक्ष वसन्त श्रेष्ठ रहेका छन्।

सदस्यहरूमा पुष्पराज तिमिल्सीना, रामदास भुर्तेल, राजकुमार विक, रामकृष्ण भण्डारी, तुलसी रानाभाट, जित बहादुर गुरुङ र कृष्ण भण्डारी रहेका छन्। नवनिर्वाचित कार्यसमितिका पदाधिकारीहरूलाई निर्वाचन समितिका संयोजक आशबहादुर गुरुङले पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए। अधिवेशनको खुल्ला सत्रमा कतारमा स्थापित थुप्रै संघसंस्थाका अध्यक्ष तथा प्रतिनिधिको आतिथ्यता रहेको थियो।

७ हजार ९ सय४७ रियाल समाजको कोषमा रकम बचत रहेको आयव्ययसहित कार्य प्रगती विवरण सचिव अमृत विश्वकर्माले पेस गरेका थिए । अधिवेशनमा बोल्ने वक्ताहरूले समाजका गतिबिधीहरुको प्रशंसा गर्दै नयाँ बन्ने कार्यसमितिलाई शुभकामना दिएका थिए । कतारमा रहेका थुप्रै कलाकारहरूले सां'गितिक प्रस्तुति दिएका थिए भने विभिन्न व्यक्ति तथा संघ संस्थाहरूलाई सम्मान समेत गरिएको थियो। आफ्नो शुभकामना मन्तव्यको क्रममा प्रमुख अतिथि मुक्तदाले समाजले कतारमा फराकिलो रूपमा सामाजिक कार्यमा सरिक भएकोमा प्रशंसा गरे । समाजका उपाध्यक्ष अगन्धर देवकोटाको स्वागत, सहसचिव सन्तोष तिमील्सिना र सचिव अमित विश्वकर्माले सहजिकरण गरेका थिए । आफ्नो कार्यकाल भरी विभिन्न तवरबाट साथ सहयोग गर्ने सबैप्रति कृतज्ञता प्रकट गर्दै सभापति विकले खुल्ला सत्रको समापन गरेका थिए।

# समृद्ध नगर र सुखी नगरवासी बनाउन प्रतिवद्धता

**यामराज बिष्ट/मध्यान्ह**
दैलेख, ११ असार




दैलेखका नारायण नगरपालिकाले १० औं महावेशनबाट नीति तथा कार्यक्रम सार्वजनिक गरिएको छ। नारायण नगरपालिकाकी उपप्रमुख तप्ता कुमारी थापाले आगामी आर्थिक वर्ष २०७९/८० को लागि नीति तथा कार्यक्रम सार्वजनिक गरेकी हुन्।

उनले विकास निर्माणमा हातेमालो गर्ने खालका कार्यक्रम ल्याइएको भन्दै समृद्ध नगरपालिका र सुखी नगरवासी बनाउन प्रतिबद्ध रहेको बताइन् । नगरपालिकाले आगामी बजेटमा शिक्षा, स्वास्थ्य, सीपमुलक तालिम कृषि तथा पूर्वाधार निर्माणका कार्यक्रमलाई प्राथमिकतामा राखी योजना बनाएको नगरपालिकाका मेयर लोमन शर्माले बताए । विपन्न, जेहेन्दार विद्यार्थीलाई निःशुल्क शिक्षाको व्यवस्था गर्ने, प्रत्येक वडामा २४ औं घण्टा स्वास्थ्य सेवा उपलब्ध गराउने, दीर्घरोगीलाई निःशुल्क औषधी प्रदान गरिने उनले जानकारी दिए।

नगरपालिकाले नगर एम्बुलेन्स सञ्चालन, शिक्षा, स्वास्थ्य पूर्वाधार र सामाजिक विकासमा सबैभन्दा बढी बजेट बिनियोजना गरेको नारायण नगरपालिका प्रमुख प्रशासकीय अधिकृत भक्तबहादुर मल्लले बताए। बजेटमा वृद्धलाई घरघरमा निःशुल्क स्वास्थ्य परीक्षण औषधी वितरण महिला, बालबालिका तथा जेष्ठ नागरिक र अपांगता क्षेत्रमा पनि बजेट विनियोजन गरेको उनले जानकारी दिए।

**उत्कृष्ट कर्मचारी सम्मानित**

नारायणनगरपालिकालेनगरसभाको अवसरमा नगरपालिकामा कार्यरत कर्मचारीलाई सम्मान गरेको छ।

# राजपुर नगरद्वारा जनमुखी योजना प्रस्तुत

**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, १० असार

रौतहट राजपुर नगरपालिकाले जनमुखी योजना प्रस्तुत गरेको छ । छैठौं नगरसभाबाट जनमुखी नीति तथा कार्यक्रम प्रस्तुत गर्दै जनताको मन जित्ने खालका कार्यक्रम ल्याएको छ । नगरपालिकाले नगरसभाबाट पास गरेको नीति तथा कार्यक्रम कार्यान्वयन गर्नका लागि ४७ करोड भन्दा बढी बजेट विनियोजन गरेको हो । नगरको चौतर्फी विकासका लागि आर्थिक वर्ष २०७९/८० का लागि ४७ करोड १ लाख ५९ हजार ३ सय ८८ रुपैयाँको बजेट प्रस्तुत गरिएको नगरपालिकाका अधिकृत बैजु ठाकुरले जानकारी दिए। यस वर्ष शिक्षा, स्वास्थ्य, खेलकुद, कृषि, यातायात, खानेपानी तथा सरसफाइ, विद्युत् भौतिक पूर्वाधार निर्माण, पर्यटन तथा संस्कृति लगायतलाई प्राथमिकतामा राखिएको नगर प्रमुख डा. राजीक आलमले बताए। नगरपालिकाले हरेक नागरिकले विकासको अनभूति गर्ने खालका योजनाहरु सञ्चालन गर्दै नगर भित्रका बेरोजगार युवालाई सीपमुलक तालिमको व्यवस्था गर्दै आत्मनिर्भर बनाएर अगाडि बढ्ने नगर प्रमुख आलमले विश्वास व्यक्त गरे।

आन्तरिक आयलाई व्यवस्थित बनाउँदै शिक्षा तथा स्वास्थ्य, खानेपानी सहितको योजनालाई प्राथमिकता राखेको उनले बताए ।नगर सभामा विभिन्न वडाका जनप्रतिनिधि, राजनीतिक दलका नेता कार्यकर्ता, नागरिक समाज, सुरक्षा निकायका पदाधिकारीहरु, सर्वसाधारण युवा समाजसेवी बुद्धिजीवीको सहभागिता रहेका थियो।

Government of Nepal
**Ministry of Physical Infrastructure & Transport**
**Department of Roads**
**Federal Highway Supervision and Monitoring Office, Itahari**
**Roads Division Damak**

**Notice to Open Financial Bids**

**Date of Publication: 2079/03/12**

1. Persuant to Rule 31(nga), Sub Rule 5 of Public Porcurement Regulation 2064 (including amendments), this is hereby notified to all concerned bidders who bidded as per our notice No. 11-078/79 dated 2079/02/03 published on "Saurya Dainik Daily" that the list of successful bidders in technical proposal have been listed below.

**List of Successful Bidders:**

| Bid Notice No. | Contract Identification No. | Name & Address of Bidders |
|---|---|---|
| 11-078/79 | RD-DMK/33701176-4/2078/79-038 | 1. Dev & Sayar/Satasi JV, Shivsatakshi-08, Jhapa |
| | | 2. Geetanjali-J & J JV, Damak-02, Jhapa |

2. All the Qualified Bidders in technical Bids are therefore, notified to send their authorized representative for financial bid opening on Bids on 2079/03/19 at 13:00 hrs in the Roads Division Damak.

**Division Chief**

धार्चे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
माछीखोला, गोरखा
गण्डकी प्रदेश, नेपाल ।

**बोलपत्र स्वीकृतिका लागि छनोट गरिएको आशयको सूचना**

**प्रकाशित मितिः२०७९/०३/१२**

यस गाउँपालिकाको मिति २०७९-०२-२४ गते अन्नपुर्ण राष्ट्रिय दैनिकमा प्रकाशित सुचना अनुसार तपशिल अनुसारको शिलवन्दि दरभाउ पत्रको लागि म्याद भित्र दर्ता हुन आएका बोलपत्रहरु मध्ये आर्थिक प्रस्तावको मूल्यांकन गर्दा न्युनतम मूल्यांकित सारभुत रुपमा प्रभावग्राही बोलपत्र देहाय बमोजिम भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २(१) बमोजिम सबै बोलपत्र दाताहरुलाई जानकारीको लागि बोलपत्र स्वीकृतिको आशयको सूचना प्रकाशित गरिएको छ, सो निर्णय उपर कसैको दावी, विरोध भए सुचना प्रकाशन भएको मितिले ७ दिन भित्र यस कार्यालयमा निवेदन दिनु हुन समेत यसै सुचनाद्वारा जानकारी गराइन्छ ।

**तपशिल**

| क्र. स. | ठेक्का नं. | ठेक्काको नाम | बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम (मू.अ.क सहित) | कैफियत |
|---|---|---|---|---|---|
| १. | DRM/ GOODS/ SQ/03/ 2078/79 | Procurement & supply of Medicine & health equipments for Dharche R.M. for FY 2078/79 | Uniglobe Health care Pvt.Ltd Tarkeshwar 9 KTM | NRS.18,15319.00 | |

**प्रमुख प्रशासकिय अधिकृत**

**UAE मा रोजगार**
१. कम्पनी: ALABAAD ALKHAMSAH SECURITY SERVICES
शहर: UAE

पूर्व स्वीकृत मितिः २०७९/०३/११ चलानी नं.: ६०१८१७७२ LT. No.: 265694

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 25 | 0 | स. काममा दक्ष | 1800 | ६१,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार २० गते (4 July 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

RGC RAJ GROUP OF COMPANIES
License No.:1245/074/075

**Raj Group Of Company Pvt. Ltd.**
Basundhara-3, Kathmandu, Tel: 01-5903550, 5903660
Email: info@rajgroupnepal.com, Website:www.rajgroupnepal.com

बागमती प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातयात पूर्वाधार निर्देशनालय
**पूर्वाधार विकास कार्यालय**
ललितपुर

**लेले - चन्दनपुर सडक अन्तर्गतको लेले -चौघरे सडकखण्ड (११.७३ कि.मी.), ललितपुर, बागमती प्रदेशको स्तरोन्नती कार्यको प्रारम्भिक वातावरणीय प्ररिक्षण प्रतिबेदन तयारी सम्बन्धी सार्बजनिक सूचना**

**प्रकाशन मितीः २०७९/०३/१२**

बागमती प्रदेश, ललितपुर जिल्ला, गोदावरी नगरपालिका र कोन्ज्योसोम गाउँपालिकामा पूर्वाधार विकास कार्यालय, ललितपुरद्वारा निम्न बमोझिम प्रस्ताब कार्यन्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| **प्रस्ताबकको नाम र ठेगाना** | **पूर्वाधार विकास कार्यालय, ललितपुर, बागमती प्रदेश** |
| **प्रस्तावको व्यहोरा** | लेले - चन्दनपुर सडक अन्तर्गतको लेले -चौघरे सडकखण्ड (११.७३ कि.मी.), ललितपुर जिल्लाको स्तरोन्नति<br>सुरु बिन्दु - गोदावरी नगरपालिका- ५, लेल<br>अन्तिम विन्दु - कोन्ज्योसोम गाउँपालिका- ५, चौघरे<br>क्षेत्राधिकार (राइट अफ वे) २० मि. (१०/१० मि. दुवैतिर) फर्मेसन चौडाई : नाली बाहेक ७ मि<br>केरियज वे चौडाई : ५.५ मि. शोल्जरः दायाँ/बायाँ दुवै छेउ ०.७५ मि.)<br>प्रस्तावित सतह - कालोपत्रे |
| **प्रभाब पर्न सक्ने जिल्ला न.पा र वार्ड** | ललितपुर जिल्ला<br>गोदावरी नगरपालिका -५ र कोन्ज्योसोम गाउँपालिका- ४ र ५ |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिबेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाब पर्दछ भनि या यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका बिद्यालय, अस्पताल, स्वास्थ चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय-सुझाब लिन आवश्यक भएकाले यो सार्बजनिक प्रकाशन भएको मितिले पन्ध्र दिन भित्र निम्न ठेगानामा उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना**

| प्रस्ताबकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| **बागमती प्रदेश सरकार - भौतिक पूर्वाधार विकास मन्त्रालय**<br>यातायात पूर्वाधार निर्देशनालय<br>पूर्वाधार विकास कार्यालय<br>ललितपुर, बागमती प्रदेश | **ग्रिन भ्याली कन्सल्ट्यान्ट प्रा.लि.**<br>अनामनगर, काठमाडौं<br>फोनः ९८५१११७४३४<br>ईमेल : consultant.greenvalley@gmail.com |

**Bheemdatt Municipality**
**Office of Municipal Executive**
Kanchanpur

**Invitation for Bid**

**(Date of Publication: 2079/03/12)**

1. Bheemdatt Municipality, Office of Municipal Executive,Mahendranagar, Kanchanpur invites electronic bids from eligible bidders for following works:

| Contract Number | Description and Location of Work | Estimated Amount without VAT | Bid Security Amount | Bid Documents Fee |
|---|---|---|---|---|
| 32/BTRM/ 2078/079 | Road upgrading and Maintenance of various roads of Bhemmdatt Municiaplity ( Bhanshi Highway-Khanna Chaurah road, Sukasal - Thapa Chaurah Road, Satya Aadarsh Tole & Janaki Tole Road, Mala Pandey's house south Bhagatpur Road, Tumdani - Mataina Road ) | NPR- 1,11,31,761.63 | NPR- 3,25,000.00 | NPR-3,000.00 |

2. Deadline for Bid Purchasing, Submission and Opening: 2- Deadline for Bid Purchasing, Submission and Opening:

| Submission of Bid | | Opening of Bid | | Revenue Account No- | 0980133894500011 | Bank | NMB Bank, Mahendranagr |
|---|---|---|---|---|---|---|---|
| Date | Time | Date | Time | Name of Office | Bheemdatt Municipality, Office of Municipal Executive, Mahendranagar, Kanchanpur | | |
| 10 Shrawan 2079 | 12:00 Noon | 10 Shrawan 2079 | 13:00 PM | Deposit Account No. | 4180100303000002 | | |
| | | | | Name of Office | Bheemdatt Municipality, Office of Municipal Executive, Mahendranagar, Kanchanpur | | |
| | | | | Bank | Rastriya Banijya Bank, Mahendranagr | | |

3. Eligible Bidders may obtain further information at Bheemdatt Municipality, Office of Municipal Executive, Mahendranagar, Kanchanpur (Tel- 099521322,521167) or may visit PPMO's website,http://bolpatra.gov.np/egp .

मध्यान्ह
www.madhyanhadaily.com

१२ असार २०७९, आइतबार
26 June 2022, Sunday

सम्पादकीय

## बढ्दो सक्रियताको सन्देश

अमेरिकी स्टेट पाटनरसीप प्रोग्राम (एसपीपी) बाट हट्ने नेपाल सरकारको निर्णयबारे उत्तरी छिमेक चीनले प्रतिक्रिया जनाएको छ । चिनियाँ विदेश मन्त्रालयले नेपालले एसपीपीबाट पछि हट्ने निर्णय गर्न' प्रशंसनीय भएको जनाएको छ । एसपीपीमा नेपालको उच्च पहाडी क्षेत्रमा अमेरिकी सैन्य उपस्थिति रहने उल्लेख थियो । तर मन्त्रिपरिषद् बैठकबाटै नेपाल एसपीपीमा संलग्न नहुने निर्णय भएको छ । मन्त्रिपरिषदको निर्णयबाट एसपीपीबारेको संशय हटेको छ । यसअघि सन् २०१५ र २०१७ मा नेपाली सेनाले एसपीपीमा सहभागी हुनेबारे पत्र पठाएको थियो । त्यो पत्रको आधारमा सम्झौता अगाडि बढाउनेगरी प्रधानमन्त्री शेरबहादुर देउवाको अमेरिकी भ्रमणबारे चर्चा भइरहँदा एसपीपीबाटै नेपाल पछि हटेको छ । नेपाल पछि हटेसँगै प्रधानमन्त्री देउवाको सम्भावित भनिएको अमेरिकी भ्रमण पनि रद्ध भएको छ ।

तर एसपीपीबारे चीन सरकारले बोल्नुलाई चासोका साथ हेरिएको छ । किनकि नेपाल सरकारको निर्णयबारे प्रशंसा वा आपत्तिमा कुनै पनि मुलुक देखिनुलाई स्वभाविक चासोका रूपमा हेर्न सकिन्छ । नेपाल सरकारले आफ्नो मुलुक र जनताको हितमा आवश्यक निर्णय लिन सक्छ । देशबारे निर्णय लिने सार्वभौम अधिकार देशको संसदलाई छ । तर अमेरिकी प्रस्ताव अगाडि नबढाउने निर्णयमा अमेरिकाले स्वागत वा आपत्तिले प्रतिक्रिया जनाउनुले अस्वभाविक आशंका उत्पन्न गराउँछ । यसअघि पनि अमेरिकीले एमसीसी अनुमोदन गराउन दबाव दिएको भन्दै चीनले पटकपटक बक्तव्य जारी गरेको थियो । अमेरिकीको बक्तव्यको खण्डनमा उत्रिएको अनुभव गर्न सकिनेगरी चीनले सक्रियता देखाएको थियो ।

चीन नेपालको उत्तर छिमेकी मुलुक हो । चीनसँग हाम्रो धेरै पुरानो सम्बन्ध छ । अशल छिमेक नीतिमा प्रतिबद्ध हुन आवश्यक छ । दक्षिण छिमेक भारत भन्दा चीनप्रति नेपाली विश्वास तुलनात्मक बढी देखिन्छ । त्यसको मुख्य आधार भनेको भारतजसरी नेपालको मामलामा चीनले नबोल्नु र अनावश्यक चासो नदेखाउनु हो । आन्तरिक मामलामा नबोल्ने चीनको नीतिप्रति देखिएको विश्वास कायम राख्नु आगामी समयका निम्ति पनि उचित हो । अमेरिकीले पनि अनावश्यक दबाव दिएमा मान्न नहुने नीतिमा नेपालभित्रै ठूलो मत छ, निर्णय पनि त्यसरी नै हुँदै आएको छ । यदि अमेरिकी गतिविधि चीनविरूद्ध नेपालबाट हुने तयारी भइरहेको छ भने त्यो पनि गलत हो, त्यसमा नेपालले पक्कै सचेतता अपनाउनेछ । अपनाउनुपर्नेछ । तर चीन र अमेरिकी सम्बन्धको नकारात्मक असर हाम्रोमा पर्न' हुन्न, मान्य हुन्न ।

# गाली साहित्य र लोकतन्त्र

*अहिले माधवकुमार नेपालको दल सूर्य चिह्नबाट कलममा पुगेको छ र रुखको बोकामा टाँसिएको छ । सुक्न लागेको रुखलाई अब हराभरा गराउने काम हँसिया, हथौडा, कलम चिन्ह धारीहरुले गर्न लागेका छन् । आफ्नै निष्ठा र सिद्धान्तमा नरहँदाको परिणाम होइन र यो ?*

अग्रलेख




● अच्युतप्रसाद पौडेल 'चिन्तन'

गोपाल हमाल, बालेन साह र हर्कराज राईको जितपछि सञ्चारका रबि लामिछानेले नयाँ दल खोल्ने जमर्को गरेका छन् । स्वतन्त्र उम्मेदवारहरुको जितपछि सञ्चारका रबि लामिछानेले नयाँ दल खोल्ने जमर्को गरेका छन् । उनलाई शुभकामना छ । तर, धेरैले खिसिट्युरी पनि गर्दैछन्, सिद्धान्त बिनाको पार्टी भनेर । तर, यहाँ देशको जिम्मा लिनेहरु पनि सिद्धान्तमा बस्न सकेका छैनन् त उनीप्रति केको सिद्धान्तको प्रश्न ? हाम्रो लोकतन्त्र आज गाली साहित्यमा हुर्केको छ । गति छोडेरै दलका नेताहरु एक अर्कालाई गाली गरिरहेका छन् । सिद्धान्त र पार्टी त बेग्लै बनेको छ । वैदिक साहित्यमा हिरण्याक्ष, हिरण्यकशिपु, रावण, कंश, शिशुपालको चर्चा धेरै आउँछ । ती मध्ये धेरै गाली गलौजमा संलग्न थिए । तिनका प्रतीक धेरै छन् यो देशमा पनि । जसले लोकतन्त्रलाई परै तिरबाट ल्याए, अनि नेपालीका थाप्लोमा गिरी खेले, यदु वंश संहार हुँदा आफैं मारकाट, झगडा गरेझैं यी अहिले दलका नाममा ईर्ष्या र खैलाबैला गर्दैछन् । दलहरुको नाङ्गो नाचले देश भड्खालामा परेको आभास हुँदैछ ।

भाइ फुटे गँवार लुटे भन्ने नेपाली उखान छ, प्रसंग रामायणकै हो । राम रावणको भयंकर ठूलो युद्ध भयो । रावणको हार भयो, तर घायल, मरिसकेको थिएन ऊ । रामले भाइ लक्ष्मणलाई भने "जाऊ एकपटक रावणसँग अन्तिम शिक्षा लिएर आऊ" लक्ष्मण दाजुको कुरामा असहमत हुन सक्तैनथे, यद्यपि वैरीसँग गएर मर्ने बेलाकासँग झुक्ने कुरामा उनलाई इच्छा थिएन । तर, लक्ष्मण गए र रावणलाई भने "मलाई अन्तिम शिक्षा देऊ, रावण" । रावणले भने, "तिमी जस्ता भाइ पाएर रामले युद्ध जिते, तर विभिषण जस्तो भाइ पाएर मैंले युद्ध हारेँ । मेरो घरको कुरा लगेर बैरीलाई बुझायो भाइले र त मैंले हार खाएँ । धन सम्पत्ति जुटाउने काममा मैंले सधैं आज भनेँ जीवनलाई, तर स्वर्गको सिँढी बनाउने कुरामा जहिले पनि मैंले भोलि भनेँ र त मेरो फेरि जन्म हुनेछ र उही शत्रुसँग फेरि एक पटक मैंले मुकाबिला गर्नु छ", हो उही रावण अर्को युगमा कंश भयो र उही राम, कृष्ण हुँदा फेरि बैर गऱ्यो । यसको शिक्षा हुन्छ "बैरी भए पनि ज्ञान हुन सक्छ, उसलाई सम्मान गर्नुपर्छ" भन्ने हो ।

अहिले माधवकुमारको दल सूर्य चिह्नबाट कलममा पुगेको छ र रुखको बोकामा टाँसिएको छ । सुक्न लागेको रुखलाई अब हराभरा गराउने काम हँसिया, हथौडा, कलमहरुले गर्न लागेका छन् । आफ्नै निष्ठा र सिद्धान्तमा नरहँदाको परिणाम होइन र यो ? विपीले भनेका थिए, "देशमा कम्युनिष्टहरुसँग हातेमालो गर्नुभन्दा बरु राजासँग घाँटी मिलाउनु राम्रो हुन्छ ।" मनमोहन, मदन भण्डारीहरुपछि उनका अनुयायीहरु रुखतिर जानु र विपी, गणेशमानहरुका अनुयायीहरु यतातिर सल्कनु कुरो उस्तै होला । विनाशकाले विपरीत बुद्धि भनिएको छ नीतिमा । यसैलाई हामीले लोकतन्त्र भन्नु परेको छ ।

मतदाता भ्रममा छन् हाम्रो मतको मूल्य के भयो त ? निर्वाचन बिना नै चिह्न फरक भयो । इनपुट एउटा आउटपुट अर्कै लोकतन्त्रमा यस्तो हुन्छ र त्यसैले भनिएको रहेछ, संसदीय व्यवस्थामा बोकाको ह्याकुल्लो देखाइन्छ, बाख्राको मासु बेचिन्छ भनेर । ०७४ को चुनावमा भए भरको समृद्धि खन्याइदिने नेपालीको टाउकोमा भनियो, रेल, पानीजहाज, धारा, पानी, मेट्रो, मोनो रेल सबै गफ हाँकियो तर, अहिले झण्डै ६३ हजारको ऋणको भारी टाउकामा बोकाइएको छ । व्यापारघाटा चुलिएको छ, विप्रेषणले देशको अर्थतन्त्र धानिएको छ । आर्थिक बृद्धिको सपना ठूलै देखियो । यो आवको आर्थिक वृद्धि लक्ष्यमा नपुग्ने भनिसकिएको छ, देशमा यही संविधानले कसैको बहुमत नआउने भएकाले गठबन्धन गर्नु परेको सरकारका कार्यकारी प्रमुखले भनिसके, खर्बौं सम्पत्ति खन्याएर यस्तो संविधान किन बनाएको ? जब कि यो संविधान बनेकै दिनदेखि कहिले नाकाबन्दी त कहिले इतिहासकै मार खेप्नु परेको थियो । देशमा संविधान सभाले बनाएको संविधान उत्कृष्ट भनियो, १७ हजारको ज्यान यसैका लागि गयो, संविधानमा खोट यतिबेला देखाउने अचम्म भएन र ? पहिले पनि भनिएको थियो यो खर्चिलो छ, निमुखा नेपालीले धान्न सक्दैनन् भनेर । अहिलेकै संविधान हो जसले प्रधानन्यायाधीशलाई काम गर्न दिएन, गभर्नर निलम्बनमा परे, बाँकी भएभरका संयन्त्रहरु थला परेका छन्, परिवारवादले प्रश्रय पाएको छ, छोरी, बुहारीलाई ठाउँ खालि



*स्वतन्त्र उम्मेदवारहरुको जितपछि सञ्चारका रबि लामिछानेले नयाँ दल खोल्ने जमर्को गरेका छन् । उनलाई शुभकामना छ । तर, धेरैले खिसिट्युरी पनि गर्दैछन्, सिद्धान्त बिनाको पार्टी भनेर । यहाँ देशको जिम्मा लिनेहरु पनि सिद्धान्तमा बस्न सकेका छैनन् त उनीप्रति केको सिद्धान्तको प्रश्न ? हाम्रो लोकतन्त्र आज गाली साहित्यमा हुर्केको छ । गति छोडेरै दलका नेताहरु एक अर्कालाई गाली गरिरहेका छन् । सिद्धान्त र पार्टी त बेग्लै बनेको छ ।*

गरिदिनु परेको छ, कतै तालाबन्दी, कतै बागी उम्मेदवार, कतै स्वतन्त्र उम्मेदवार राजनीतिको रडाको छ र देशले विदेशीको ऋणभार मात्रै बोकेको होइन, हाइकिङ्ग र जगिङ्गका नाममा विदेशीहरुको उद्यान बनेको छ देश । ५६ हजार अनुदानको लागि संसद तात्ने गरेको छ त्यो भन्दा कैयन बढी रकम संसदको अत्तोपत्तो बिनै स्वीकार गरेको अबस्था छ ।

जनताको दैलो बिर्सने नेताले मातृभूमिको संरक्षण कसरी गर्ला ? आफ्नो दलको मान्छे स्वर्ग पुग्दैमा वा आफन्तको समृद्धि दख्दैमा देश समृद्ध हुँदैन । चीनका राष्ट्रपति खेतको बाली हेर्छन्, धानको बोट हेर्न किसानकोमा पुग्छन्, बेन्चा, साबेल लिएर निर्माण कार्यमा आएको देखिन्छ । तर, हाम्राहरु हेलिकप्टर लिएर चुनावी प्रचारमा लाग्छन्, योभन्दा निकम्मा दृश्य अरु के हुन्छ ? यहाँ विदेशी मिनरल वाटर मगाउने अनि उखु किसान थापाथली मण्डेलामा धर्ना दिने, हुम्लीलाई चामल आवश्यक पर्दा काठमाडौं आउनुपर्ने देशमा यस्तो लोकतन्त्र, गणतन्त्र र संघीयता कहिलेसम्म रहने हो ? संघीयताको अर्थ आफ्नै वरिपरिका आसेपासेहरुलाई काम दिने अनि यति सानो देशमा गन्नै नसकिने मन्त्रालय अनि एउटै घरमा ५ वटा मन्त्रालय यो बेहोसीपना होइन र ? पूर्व-पश्चिम राजमार्ग र अहिलेका पुराना भवन थिएनन् भने कहाँ बसेर रजाइँ हुन्थ्यो ? प्रज्ञा भवनमा कसको निजी रकम प्रयोग भएको थियो ? लेनिन, स्टालिन, माओको हो र ? त्यतिबेलाका हजारौं हजार उदोगधन्दाका घाँटी कसले निमोठेको र अहिले सबैजसो पुस्ता विदेशीको भाँडा माझ्न जानु परेको, रोजगारी किन राजनैतिक बाहेक अन्य विषयमा छैन देशमा ?

राजालाई निरंकुश भनियो, महेन्द्रका १० वर्षमा भएका पूर्वाधारमा अडेको देखिन्छ अहिले पनि । राजाले रानी पठाएर विदेशीसँगको हातेमालो गरेको देखिएन । अहिले रानीझैं भएर आरजुको भारतभ्रमण अनि भाजपाका चौथाइवालेसँगको संवाद किन ? चौथाइवाले हिन्दु हिमायती हुन्, हामी पनि हिन्दु भन्छौं तर, बालुवाटार धर्म निरपेक्षताको प्रतिक बनेको छ, अहिले, पहिले थिएन । चौथाइवालेलाई राखी बाँध्नुको अर्थ के हुन्छ ? भनाइ एउटा गराइ अर्को भएन र ? विश्वको एकमात्र देश नेपाललाई हिन्दु धर्मी भनी राख्दा के बिग्रन्छ ? अन्य धर्मीहरुलाई समस्या त केही थिएन, राजदरबार अगाडि नै चर्च त छँदै थियो । यहाँ टोपी डढाइयो, गाई हत्या गरिनुपर्छ भनियो, मन्दिर भत्काइयो, कीर्तिपुरमा गएर थुकियो, हाम्रो आफ्नो मौलिक परम्परालाई भत्काइयो र देशको कला, संस्कृति, धरोहर, धर्म, सभ्यता युग युगसम्म रहनु पर्ने होइन र ? लोकतन्त्रको सही मर्म बुझ्न कहिले पाइएला त अब देश त सधैं दलको तालाबन्दीमा परेको छ ।

यसै आर्थिक वर्षको ११ महिना भनौ जेठसम्ममा व्यापारघाटा १५ खर्व ७७ अर्ब ३८ करोड ६० लाखको देखिएको छ, उत्पादन नभएरै त हो यो । आयात १७ खर्ब ६३ अर्ब पुग्दा निर्यातको हिस्सा १ खर्ब ८५ अर्बको मात्रै छ । मन्त्री, शिक्षक, कर्मचारीहरु धमाधम चुनावका लागि टिकट लिन लाइन बसेका छन्, राजनीतिको उद्योग फस्टाएको अरु उद्योग भासिएकाले यस्तो भएको हो ।

युक्रेन मामलालाई लिएर बहस गर्न भन्दै अमेरिकी उच्चस्तरीय प्रतिनिधिमण्डलको औपचारिक भ्रमण भयो काठमाडौंमा । धन्न हामी धेरै ठूला र अग्ला भएछौं हामीले नेटो समर्थित युक्रेन मामलामा मतदान गरेका छौं । रसियाको विरोध गरेका छौं । अमेरिका हौसिएर हाम्रो भूमि प्रवेश गरेको छ । यो शीतल र उर्वर भूमि भएरै होला वा जलवायु परिवर्तनमा संसारकै उदाहरण हाम्रो देशले दिन सक्ने भएरै त होला अमेरिकी तल्लो र मथिल्लो सदनका सिनेटरहरु ५ जनाको औपचारिक भ्रमण केवल प्रकृतिको हरियाली भनौं फूलबारी हेर्न मात्र पक्कै आएनन् । सजिला कार्यकारी प्रमुख पाएका बेला उनलाई सहयोग गर्ने सजिला प्रचण्ड, माधवहरु पाएरै त होला । एमसीसी पछि एसपीपीको कत्रो हल्ला, अब नगर्ने रे, भित्रभित्रै गरे भने के गर्ने पहिले त चिठी गइसकेको रहेछ त ? आइपिएसलगायत इण्डो अमेरिकाको धज्जी उडाएर राष्ट्रवाद देखाई सत्तामा पुग्ने, अनि उतैको चाकरी गर्ने हाम्रो संस्कार गतिलै बुझेका छन् विदेशीहरुले पनि । उद्योगमा लगानी गर्दा स्रोत देखाउनु नपर्ने रहस्य पनि त होला देशमा । नेपाल त्यत्रो शक्ति राष्ट्र बनेछ, यसमा हाम्रो गौरव त होला, यसैका लागि हामीप्रति हेर्ने भारत र चीनको दृष्टिकोण अनि असंलग्नताको पक्षधर नेपालको परराष्ट्र नीतिलाई पुनर्मुल्यांकन गर्नु पर्ने हो कि, टाँसिएपछि गतिलै र औपचारिक रुपमै टाँसिनुमा अझ मजा पो आउँछ कि ।

देशमा संघीयता र गणतन्त्र अनि लोकतन्त्र पनि अचम्मको छ । विकेन्द्रीकरण भनिने घर घरमै सिँहदरबार भनिने अनि स्थानीय चुनावमा कसलाई कहाँ उठाउने, नउठाउने निर्णय हुन्छ बालुवाटारमा, सिँहदरबारमा, खुमल्टार र बालकोटमा । कस्तो छ संघीयता हाम्रो यति सानो भूगोलको देशमा यही नै काफी हो । केन्द्रीकरण भयो भन्ने अनि आफू झन् बढी केन्द्रीकृत हुने अचम्मको संघीयता छ देशमा, भागशान्ति, पद बाँडफाँटका लागि आएको संघीयता यस्तै हुन्छ देशमा । विकास गर्न यो आएको होइन, विकास गर्न आएको भए विकासकै नारा लिएर स्वतन्त्र रुपमा निश्कलंक मानिसहरु स्थानीय चुनावमा उठ्थे र तिनैले देशको विकास अभियानमा सरिक हुन्थे । केन्द्रको इशारामा उठ्ने उम्मेदवार त्यसमा पनि गठबन्धनको चुनाव हेरियो र व्यहोरियो पनि । अब रहिरुलाई तह लगाउन पनि त यिनै अग्रसर होलान्, जनता त उठ्न सक्दैनन् कारण संसारकै उच्च तेलको मूल्यले नराम्ररी किचिएका छन्, कति महँगो तेल र बजार भाउ, कोरोनाले विश्व डल्लो पार्दा तेलको मूल्य घटेको हो, तर यहाँ बढाइयो त्यतिबेला पनि, अहिले त निहुँ पाइएकै छ, अझ तर्साइँदैछ, परलमूल्य आएन रे, लिटरैपिच्छे ७० कर किन ? अनि रातरातै तेल ठेलेर नयाँ मूल्य लिन लगाउँदा जनताको घाँटी निमोठिएन र अभिभावकको काम यस्तै हुन्छ त ?

सामाजिक सञ्जाल



- नवराज पन्त

अधिकांश नेताहरूको परिवार/नातेदार अहिले विकसित देशहरूमा बिदेसिएका छन् । प्राय: उनीहरूले विश्व प्रसिद्ध खर्बपतीहरूको स्वामित्व भएका क्रिप्टोमा लगानी गरेका छन् । त्यो सबै इ्वाम भएको छ । त्यसैले होला संसदमा जुवा जुवा भनेर कुर्लिन्छन् । सेयर बजारको बारेमा बुझेका छैनन्, तर, क्रिप्टो र सेयर बजार फरक कुरा हो ।



- सेतेमान तामाङ

सरकार अब कर मात्रै बढाएर जनतालाई सास्ती दिने होइन्, उत्पादन बढाएर आर्थिक समृद्धि गराउने तर्फ लागौं । कर मात्रै बढाएर देशको गरिबी घटेर आर्थिक उन्नति हुन सक्दैन, बरू करको दायरा बढाउने र उत्पादनलाई बढी जोड दिएर वस्तु निर्यात गरी देशको अर्थिक अवस्था बढाउने हो ।



- कृष्ण घिमिरे

कामरेड प्रचण्डलाई फेरी प्रम बन्न पाए देशको अनुहार फेर्ने रहर जागेछ । शुभकामना त भन्न पर्ला ! त्यति ठूलो सपना बाँड्नु भन्दा बिग्रँदो आफ्नो दल र आफै शिर थापेको प्रमलाई देश र जनताका हितमा प्रभाव पर्ने निर्णय गर्न लगाए गुन मान्नु हुन्थ्यो । गफ सुन्न थालेको १६ वर्ष भयो अझ कति ?



- सुर्यराज आचार्य

अर्थतन्त्रका सुचक खस्किँदैछन् । युक्रेन संकट छिटै समाधान हुने लक्षण छैन । आर्थिक संकट गहिरिन सक्छ । बेलैमा सरकारले आवश्यक कदम चालोस् । निजी सवारी साधनलगायत विलासिताका वस्तुको आयातमा पुर्ण रोक लगाउने तर्फ गृहकार्य गर्ने हो कि ?



- गोविन्दकुमार थापा

सरकारले तेलको दाम घटायो भनेर मख्ख नपर्नुस् । ताली नदिनुस् । यदी जनताको पीडा बुझ्ने जनताको सरकार भा भए सुरूमै जनताको आङभरी एसिड छर्कदैन थियो । मझेरीभरी आँसुको दह जमाउदैन थियो । क्रुर सरकार जनताको लेख्य, बोल्य अपार ताकत सामु टिक्न सकेन र मूल्य घटाउन बाध्य भयो ।

# माओवादीभित्रको अन्तरविरोध

विचार



● लेखराज रेग्मी

कसैले पार्टी परिवर्तन गर्दा पीडा मान्नु हुँदैन । कतिले पढ्नुभयो "अच्छे कम्युनिष्ट कैसे बनें ?" अहिले नेपालीमा पनि पाइन्छ । पार्टीमा प्रवेश कडा नियम पालना हुन्छ तर, छोड्न सबैलाई छुट छ । छोड्दा केही सर्त छन् स्वपालनाका । रुपचन्द्र विष्टले पार्टी छोडे कसैले पनि गद्दार भनेन । पार्टी छोड्नेहरुप्रति सहज भाव राख्नु अहिलेको आवश्यकता हो ।

छ महिना पछि जसलाई त्यही पुग्नु छ धेरै चर्को बोल्न सुहाउँदैन । एमाले त २०५२ पछि माओवादीको रुपैडिहा बढनी बजार हो, जाने आउने चलिरहेको छ । राधाकृष्ण दाई आउनुभयो जानु भयो, अरु पनि आउनुभयो जानु भयो । केही जानु भयो र फर्किनु भयो । तर उहाँहरु प्रतिको सम्मानभाव नारायणकाजी श्रेष्ठ र लिलामणी पोखरेलहरु प्रति छैन । किन ? यो प्रश्न २०३५ को सेक्रेटरी सम्मेलन, किसान सम्मेलन, २०३६ को विद्यार्थी सम्मेलन २०३६ को आन्दोलनले ठुलो आशा भरोसा जगाएको बेला, पार्टीमा व्यक्तिवाद र गुटबन्दीको फोहरी श्रृंखला सुरु भयो । यसले पार्टीमा निराशा अन्योल र पलायन सुरु भयो र २०४०मा पार्टी फुट्यो । जसप्रति नेताहरुले केही रुखो आलोचना पनि गरे । यसै कारणले २०३५मा गठन भएको माले २०४६ मा हाराहारी र आन्दोलन पछि ठुलो कम्युनिष्ट पार्टी बन्यो । २०५१ को चुनावमा उसलाई सबभन्दा ठुलो पार्टी बनाइयो । एमाले विभाजन (२०५४) पछि माओवादी पार्टी बढ्यो र एमालेको साइज घट्यो । शान्ति प्रक्रियामा आएपछि खासगरी २०६२/६३ को आन्दोलन पछि माओवादीको बढोत्तरी कायम

एमाले विभाजन (२०५४) पछि माओवादी पार्टी बढ्यो र एमालेको साइज घट्यो । शान्ति प्रक्रियामा आएपछि खासगरी २०६२/६३ को आन्दोलन पछि माओवादीको बढोत्तरी कायम रहेन धेरै एमालेहरु घरमा फर्किए । तैपनि प्रचण्ड-वैद्य-बाबुरामको त्रिकोणात्मक संघर्षका कारण निरन्तर विभाजन भइरह्यो । एकताको पक्षमा र फुटको विपक्षमा दह्रो उभिने नारायणकाजी श्रेष्ठ, लिलामणी पोखरेल, अमिक शेरचनहरुलाई दोषी देखाएर कार्यकर्ता मनोविज्ञानसँग खेल्ने काम भइरह्यो ।

रहेन धेरै एमालेहरु घरमा फर्किए । तैपनि फेरि विभाजनको चक्र माओवादीको पोल्टामा आयो । प्रचण्ड-वैद्य-बाबुरामको त्रिकोणात्मक संघर्षमा एकताको पक्षमा र फुटको विपक्षमा (गुटहरुको होइन) दह्रो उभिने नारायणकाजी श्रेष्ठ, लिलामणी पोखरेल, अमिक शेरचनहरुलाई दोषी देखाएर कार्यकर्ता मनोविज्ञानसँग खेल्ने काम भइरह्यो ।

संयोगले २०३६/४० को अन्तरबिरोधमा किसान अध्यक्ष जयगोविन्द शाह, विद्यार्थी अध्यक्ष लिलामणि पोखरेल चितवनका किसान आन्दोलनको स्थापित नेता अमिक शेरचन चौथो महाधिवेशनभन्दा धेरै पहिलेदेखि भ्यालीको किसान आन्दोलनका स्थापित नेता दिलबहादुर श्रेष्ठलगायत वरिष्ठ नेताहरु निर्मल लामाको पक्षमा रहनु भयो । त्यही बिरासतमा हुर्किएका नारायणकाजी श्रेष्ठ एकता केन्द्रले फुट पहिलेको स्थितिमा स्थापित गरेका वैचारिक नेता हुन् । यही बिरासत र बरियताका कारण उनीहरुलाई होच्याएर कद जोगाउने खेल सुरु भयो । यसको मारमा होनहार सम्भावनासहितका नयाँ पिढीका कार्यकर्ता पर्न थाले । यसले भागदौड सुरु भयो जसलाई नारायणकाजी श्रेष्ठ र प्रचण्डले जोगाउन सकेनन् । गुटबन्दीका कारण विभाजित माओवादी समूहहरुमा पनि फुट र पलायनको श्रृंखला चलिरहेको छ । यही ऐतिहासिक पुनरावृत्तिको चक्रमा जीवन गौतमहरु परेका छन् । जसलाई प्रयोग गरेर धेरैलाई खेदियो वा ठेगान लगाइयो पालो उनीहरुकै पनि आयो । जनयुद्धको क्रममा एकताकेन्द्र वा माओवादी छोड्नेहरु एमालेमा नै प्रवेश गरेका छन् । यसरी, भनौ भने बिगतको एकता समेत हेर्दा, एमाले सुन्दर गन्तव्य बनेको छ । त्यसैले आफु ढिलोचाँडो पुग्ने ठाउँ र त्यहाँ स्वागत गर्न बस्नेहरुलाई अनावश्यक उत्तेजनात्मक गाली गर्न बन्द गरौं । दस्ताबेजिय आधारमा एमाले नाम बाहेक कम्युनिष्ट पार्टी होइन भन्ने कुरा सबै कार्यकर्ताबीच पुष्टि गरौं । र सैद्धान्तिक दार्शनिकरूपमा आफुलाई कम्युनिष्ट प्रमाणित गरौं र व्यवहारमा पुष्टी गरौं । क-कसलाई गोपाल किराती र आहुती बन्ने तर, एमाले नबन्ने आत्म विश्वास छ ? आउनोस् छलफल गरौं । अघोषित वार्ता सुरु भैसकेका छन्, भोली हाम्रो पनि परीक्षण हुँदैछ । तर, विचार शून्यतामा पुग्नुभन्दा विचार जोगाएर फरक ढंगले रहन सक्दा विचार निष्ठा प्रतिबद्धता र प्रतिष्ठा जोगाउन सकिने थियो । भोली यही नेतृत्व व्यहोर्नु पर्ने हो भने पनि हतारो ठिक भएन, तावाको माछो भुङ्गोमा भएन र ? यता थोरै गुनासो छ ।

*(लेखक रेग्मी माओवादी केन्द्रका नेता हुन् ।)*

# अमेरिकामा गर्भपतनसम्बन्धी अधिकार समाप्त

## पक्ष तथा विपक्षमा प्रदर्शन, धमाधम क्लिनिकहरु बन्द




**काठमाडौं/एजेन्सी–** अमेरिकाको सर्वोच्च अदालतले गर्भपतनसम्बन्धी संवैधानिक अधिकार समाप्त गरिदिएको छ । सर्वोच्चले देशव्यापी रूपमा गर्भपतन वैध हुने ५० वर्षअघिको एउटा आदेशलाई उल्ट्याउँदै गर्भपतनसम्बन्धी संवैधानिक अधिकार समाप्त गरिदिएको हो । अदालतको आदेशसँगै लाखौँ अमेरिकी महिलाले गर्भपतनसम्बन्धी कानुनी अधिकार गुमेको छ ।

'रो विरुद्ध वेड' भनेर परिचित मुद्दामा गर्भपतनलाई संवैधानिक अधिकारको मान्यता दिएको विगतको फैसला अवैध भएको सर्वोच्चले जनाएको छ । राष्ट्रपति जो बाइडेनले उक्त निर्णयलाई 'दुःखद त्रुटि' भनेका छन् ।

अदालतको आदेशपछि विभिन्न राज्यमा क्लिनिक बन्द गरिएका छन् । अदालतको फैसलापछि त्यहाँका धार्मिक अभियानकर्मी र दक्षिणपन्थी भने खुसी भएका छन् । सन् १९७३ मा गर्भपतनलाई वैध बनाइएपति उनीहरूले त्यसको विरोध गर्दै आएका थिए । फैसलाको पक्षमा ६ र विपक्षमा ३ जना न्यायाधीश उभिएका थिए ।

अमेरिकी संविधानले गर्भपतनसम्बन्धी अधिकार स्पष्ट उल्लेख गरेको छैन । अघिल्ला राष्ट्रपति डोनल्ड ट्रम्पले गरेका मनोनयनपश्चात् अहिले अमेरिकाको सर्वोच्च अदालतमा परम्परावादी न्यायाधीशहरूको बहुमत छ । तर अमेरिकामा मत सर्वेक्षणहरूले अधिकांश अमेरिकी महिलाहरू गर्भपतनको अधिकारको पक्षमा रहेको देखाएका छन् ।

यस आदेशले अमेरिकामा गर्भपतन अधिकारलाई परिवर्तन गर्नेछ जहाँ हरेक राज्यले त्यसलाई प्रतिबन्ध लगाउन सक्नेछन् । आधाजसो अमेरिकी राज्यहरूले नयाँ अवरोध वा प्रतिबन्धहरू लगाउन सक्ने अपेक्षा गरिएको छ ।

१३ राज्यले 'ट्रिगर ल' भनिने केही कानुनी व्यवस्था तयार गरेर पारित गरिसकेका छन् जसले सर्वोच्चको यस आदेशसँगै अब स्वतः गर्भपतनलाई गैरकानुनी ठहऱ्याउनेछन् । यस्तो आदेश, अदालतले गर्भपतन अधिकारसम्बन्धी राष्ट्रव्यापी कानुन उल्ट्याइदिन सक्ने विवरण भएको एउटा मस्यौदा दस्तावेज चुहिएको केही सातापछि आएको हो ।

आदेशको विरोधमा अमेरिकाका विभिन्न सहरमा प्रदर्शन भएका छन् । अदालतको फैसलालगत्तै वाशिङ्टनस्थित अदालतबाहिर गर्भपतनको विरोध गर्दै प्रदर्शन गर्न ठूलो संख्यामा मानिसहरू भेला भएका थिए । गर्भपतन अधिकारका पक्षधरहरूले पनि ५० वटै राज्यमा प्रदर्शनको तयारी गरिरहेका छन् ।

फैसलालगत्तै कतिपय राज्यमा गर्भपतन गराउने क्लिनिकहरू बन्द हुन थालेका छन् । गर्भपतनमा तत्काल प्रतिबन्ध लगाउने कानुन बनाइसकेको आर्कन्सा राज्यको लिटल रकस्थित एउटा गर्भपतन क्लिनिकले अदालतको आदेश अनलाइनमा प्रकाशित भएलगत्तै गर्भपतन सेवा बन्द गरेको छ ।

अदालतको आदेश तत्काल कार्यान्वयन हुने लुईजियाना राज्यस्थित तीनवटा गर्भपतन केन्द्रमध्येको एक न्यू ओर्लन्सस्थित विमिन्स हेल्थ केअर सेन्टरका कर्मचारीहरू फैसलालगत्तै घर फर्किन थालेका थिए ।

सर्वोच्च अदालतको फैसलाले अमेरिकामा प्रजनन गर्न सक्ने उमेरका तीन करोड ६० लाख महिलाई आफ्नो राज्यमा गर्भपतनको पहुँचबाट रोक्ने एक अध्ययनले देखाएको छ ।

सन् १९७३ मा गरिएको 'रो भर्सस वेड' फैसलाले आफू सक्षम नभएसम्म गर्भपतन गर्ने महिलाको अधिकार रक्षा गरेको थियो । उक्त आदेशानुसार महिलाहरूले गर्भावस्थाको पहिलो त्रैमासिक वा २८ हप्ता अघिसम्म गर्भपतन गर्न पाउँथे। तर दोस्रो त्रैमासिकमा गर्भपतन निषेध गरेको थियो ।

अमेरिकाका दक्षिणपन्थी तथा धार्मिक अभियानकर्मीहरूले गर्भपतनसम्बन्धी अधिकारको विरोध गर्दै आएका थिए । परम्परावादी न्यायाधीशहरूको बहुमत रहेको सर्वोच्च अदालतमा उक्त निर्णयको पक्षमा छ र विपक्षमा छ न्यायाधीश उभिए । सर्वोच्च अदालतको यो फैसलाले गर्भपतनको अधिकार सुनिश्चित गर्ने विगतको फैसला अवैध भएको ठहर गरेको छ ।

# चिनियाँ राष्ट्रपति हङकङ भ्रमणको तयारीमा

**काठमाडौं/एजेन्सी–** चीनका राष्ट्रपति सी जिनपिङ हङकङ भ्रमणको तयारीमा छन् । बेलायतले हङकङ शहर चीनलाई हस्तान्तरण गरेको २५ औं वार्षिकोत्सवका अवसरमा आगामी साता आयोजना हुने बैठकमा सहभागी हुन उनी हङकङ भ्रमणमा निस्कन लागेका हुन् ।

कोभिड-१९ को महामारीपछि मुख्य भूमि चीनबाट उनको यो पहिलो भ्रमण हो । राष्ट्रपति सीको उपस्थितिमा हुने भव्य समारोहमा हङकङ शहरका नयाँ नेता जोन लीले शपथ लिने कार्यक्रम रहेको समाचार एजेन्सी सिन्ह्वाले जनाएको छ । चिनियाँ कम्युनिष्ट पार्टी केन्द्रीय समितिका महासचिव तथा केन्द्रीय सैन्य आयोगका अध्यक्ष सी हङकङ विशेष प्रशासनिक क्षेत्रको छैटौं कार्यकालको उद्घाटन समारोहमा पनि सहभागी हुने छन् ।

हङकङका अधिकारीहरूले कोभिड-१९ को महामारी प्रतिबन्ध र सुरक्षा कारण जनाउँदै नयाँ नेता लीको शपथ ग्रहण समारोहको समाचार सङ्कलन गर्न केही सञ्चार गृहमाथि प्रतिबन्ध लगाएका छन् । यद्यपि यसरी प्रतिबन्ध लगाइएका सञ्चारगृहका प्रतिनिधि नियमित रूपमा आयोजना हुने सरकारी प्रेस सम्मेलनहरूमा भाग लिने गरेका छन् ।


## Malaysia मा रोजगार | कम्पनी : FELDA PLANTATION MANAGEMENT SDN BHD
शहर: KAULA LUMPUR

पुर्व स्वीकृत मितिः २०७९/०१/०७ चलानी नं.: ६०१७८१५१ LT. No.: 261843 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plantation Worker | 172 | 0 | स. काममा दक्ष | 1200 | ३४,००४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ असार १९ गते (3 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पदेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Creative Placement Services Pvt. Ltd.**
Basundhara, Kathmandu, Tel: 01-5903365, 5903396, P.O.Box No.: 21498
Mobile: 9823529647
E-mail: creativeplacement2002@gmail.com, website: www.creativenepal.org
Govt. Lic. No. 289/058/059



## कतारमा रोजगारको अवसर | कम्पनी : TRADEQUIP COMPANY LTD
शहर: DOHA

पुर्व स्वीकृत मितिः २०७९/०३/१० चलानी नं.: ६०१८१६५० L.T. No.: 265837

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Foreman | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ८५,५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labourer | 1 | 0 | | 1000 | ३४,२३० | | | | | | | |

## कुवेतमा रोजगार | कम्पनी : AL-RABEEA AL-DAEM AGRICULTURAL CONTRACTING CO.WLL.
शहर: Kuwait

पुर्व स्वीकृत मितिः २०७९/०३/११ चलानी नं.: ६०१८१७७० L.T. No.: 265700

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour Outdoor | 50 | 0 | स. काममा दक्ष | 95 | ३८,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | कतारको निःशुल्क कुवेतको रु. १०,०००/- |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार १९ गते (3 July 2022) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**EAST WEST PLACEMENT CENTER, INC PVT. LTD.**
Neelsaraswotisthan, Lazimpat, Kathmandu, Ph. No.: 01-4440518
श्रम ईजाजत नं. ४३७/०६०/६१



## फ्रि भिसा, फ्रि टिकट, शुन्य लागतमा कतारमा रोजगार

कम्पनी: REGAL INDUSTRIAL SUPPLIER CO. WLL शहर: DOHA
पुर्व स्वीकृत मिति: २०७९/०३/१० चलानी नं.: ६०१८१६७४ L.T. No.: 265885

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 3 | 0 | स. काममा दक्ष | 1800 | ६१,५७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ असार १९ गते (3 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगार दाताले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगार दाताले तिर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले तिर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पदेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**अल- सहेली म्यानपावर प्रा. लि.**
पो.ब.नं.: २२४४, सामाखुसी-२६, टाउनप्लानिङ (श्रेष्ठ प्लाजा), काठमाडौं, नेपाल
फोन: ४३८७३७२, ४३८७७४०, फ्याक्स: ४३८७३२९, मो: ९८१८६१९७८०, E-mail : alsahelimanpower2010@gmail.com
श्रम इजाजत पत्र नं.: ८९३/०६७/०६८



## मलेसियामा रोजगार | कम्पनी: PERABOT PENGILANGAN 3V SDN BHD
शहर : Selangor

पूर्व स्वीकृत मिति: २०७९/०३/११ चलानी नं.: ६०१८१७७१ LT. No.: 265679

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Workers | 70 | 0 | स. काममा दक्ष | 1500 | ४२,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार १९ गते (3 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**ANAMOL OVERSEAS PVT. LTD.**
Sinamangal-9, Airport, Kathmandu, Nepal
Tel.: 4479756, Post Box: 8975, Fax: 4479756, Mob: 9851060556
E-mail : anamoloverseas@gmail.com, Web.: www.overseasanamol.com
श्रम ई. पत्र नं.: ५६३/०६२/०६३



## CYPRUS मा रोजगार | १. कम्पनी: ANSOT EMPLOYMENT SERVICES LIMITED
शहर : AYIA NAPA

पूर्व स्वीकृत मितिः २०७९/०३/०९ चलानी नं.: ६०१८१६७६ LT. No.: 265533

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bartender | 3 | 3 | सम्बन्धित काममा दक्ष | 1296 | १,७०,३९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Housekeeping | 3 | 3 | | 970 | १,२७,५३५ | | | | | | | |
| 3. | waiter | 4 | 4 | | 1183 | १,५५,५४० | | | | | | | |

२. कम्पनी: ARISTOKLEOUS ARISTOS IMMIGRATION CONSULTANTS LTD शहर : LIMASSOL
पूर्व स्वीकृत मितिः २०७९/०३/०९ चलानी नं.: ६०१८१६६५ LT. No.: 265529

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 20 | 0 | स. काममा दक्ष | 900 | १,१८,३३३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: VOSOURA EMPLOYMENT AGENT LTD शहर : LIMASSOL
पूर्व स्वीकृत मितिः २०७९/०३/०९ चलानी नं.: ६०१८१६७५ LT. No.: 265532

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture | 2 | 2 | सम्बन्धित काममा दक्ष | 465 | ६१,१३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Domestic Worker | 1 | 15 | | 314 | ४१,२८४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ असार १९ गते (3 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ३५,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पदेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**मिराकल म्यानपावर प्रा. लि.**
पो.ब.नं.: ५७२, सामाखुशी-२६, काठमाडौं, फोन: ४९५१००३
Email: manpowermiracle@gmail.com |
Mob. No. 9802022331.9841046696.9802052771 Web: www.manpowermiracle.com
श्रम इजाजत नं. १२२३/०७४/०७५


# Chhathar Jorpati Rural Municipality
## Office of the Rural Municipal Executive
**Jorpati, Dhankuta**
**Province No. 1, Nepal**

## Invitation For Sealed Quotation

**Second Date of Publication: 2079-03-12(2022-June-26)**

1. The Chhathar Jorpati Rural Municipality Jorpati, Dhankuta invites Online Sealed Bids from eligible bidders for the procurement of the following works.

| Contract ID | Description | Estimated Amount | Bid Doc. Fee NRs. | Bid Security NRs. | Bid Security Validity | Date and Time of Bid Opening |
|---|---|---|---|---|---|---|
| 09/CJRMUN/ SQ/2078/079 | Supply and delivery of books | 13,39,755.00 | 1,000.00 | 35,000.00 | 75 days | 2079/03/20 (2022-July-04) 13:00 PM |

2. Eligible Bidders may obtain further Information from PPMO website: www.bolpatra.gov.np/egp.
3. Bidder who submit their bid electronically may download the bidding documents from www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document as stated above in the following account.

| | | |
|---|---|---|
| **Name of the Bank** | : | Nepal Bangladesh Bank Ltd. Sindhuwa, Dhankuta. |
| **Name of Office** | : | Chhathar Jorpati Rural Municipality, Jorpati, Dhankuta. |
| **Office Account Name and No.** | : | Ga-1-1 Antarik Rajaswa Khata 0500001541 |

4. Bid security amount deposited at Name and A/C No. Ga-3 Dharauti Khata 0500000841 on the behalf of Chhathar Jorpati Rural Municipality at Nepal Bangladesh Bank Ltd. Sindhuwa Branch. Or Bidder who choose to submit their bid security amount as Bid bond, the bid bond should be issued from authorized and recognized commercial bank or financial institution eligible to issue bank guarantee as per prevailing law of Nepal. A scan copy of bid bond is mandatory.
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotation without assigning any reason, whatsoever.
7. All the other condition of bidding process will be as per the public procurement act, 2063 and public procurement regulation, 2064 following all revision.

मध्यान्ह
www.madhyanhadaily.com
१२ असार २०७९, आइतबार
26 June 2022, Sunday

# बक्स अफिस समाचार



**श्यामकुमार मिश्र**, गायक, अभिनेता

## 'मोफसलबाट कलाकारिता गर्नु फलामको चिउरा चपाउनु सरह'

गायक एवं अभिनेता साथै युवा नेतासमेत रहेका श्यामकुमार मिश्रको भोजपुरी पप गीतसंगीतमा छुट्टै पहिचान छ । मिश्रको आफ्नै स्वर रहेको 'गोरी तु तो बाटु रुपके खजना, देखा हम तो बाटी हो तोहरे दिवाना' बोलको भोजपुरी पप गीत बजारमा आउने तयारीमा रहेको छ । गीतमा चर्चित भोजपुरी संगीतकार के.के. सिंहको संगीत संयोजन रहेको छ । कपिलवस्तुको कृष्णनगर निवासी मिश्र भोजपुरी तथा नेपाली गीत, संगीतको क्षेत्र र नेपाली चलचित्र क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउन सफल छन् । उनले आधुनिक नेपाली गीतको एल्बम पनि स्रोता र दर्शकमाझ ल्याउने तयारी गर्दैछन् । एकीकृत राप्रपा राष्ट्रवादीको केन्द्रीय सदस्यमा मनोनित हुनासाथ गत स्थानीय चुनावमा मेयरको उम्मेदवारी बनेका उनी झिनो मतान्तरले पराजित भएका थिए भने हालै सम्पन्न स्थानीय चुनावमा जसपाबाट उपमेयरको उम्मेदवार बनेका थिए । कलाकारितासँगै सामाजिक, राजनीतिक र व्यवसायलाई समेत सँगसँगै लिएर अगाडि बढिरहेका मिश्रले नालायक, देउता, किङ, ब्वाईफ्रेण्ड लगायतका चलचित्रमा अभिनय गरेका छन् । चौथो म्युजिक खबर म्युजिक अवार्ड, डि सिने अवार्ड, बक्स अफिस फिल्म अवार्ड, मिलाप कभर सम्मान, राष्ट्रिय व्यक्तित्व सम्मान लगायतका सम्मानबाट सम्मानित भइसकेका **श्यामकुमार मिश्र**ले मध्यान्ह दैनिकका लागि **सानु श्रेष्ठ**सँग गरेको कुराकानीको सम्पादित अंश :

**पछिल्लो समय कसरी बित्दैछ ?**

यो पटकको स्थानीय चुनावमा पनि जसपाबाट उपमेयरमा उठेको कारण केही समय स्थानीय जनताहरुसँग प्रत्यक्ष साक्षत्कार कार्यक्रममा व्यस्त रहें । ठूला दलसँग प्रतिस्पर्धासँगै तयारी फितलो बनेका कारण असफल भएँ । यसलाई पराजय भन्दा पनि आगामी दिनका लागि शिक्षाको रुपमा लिएको छु ।

**गायनको क्षेत्रमा के गर्दै हुनुहुन्छ ?**

आठ वटा गीत समेटेर एल्बम निकाल्ने अन्तिम तयारी भैरहेको अवस्थामा एक्कासी कोभिडको प्रवेशले त्यतिकै थाँती रहन पुग्यो । अहिलेसम्म पनि त्यसलाई अगाडि बढाउन सकिएको छैन । चुनावी ह्याङ कम भएपछि एल्बमको कामलाई निरन्तरता दिने विचार गरेको छु ।

**भोजपुरी गीत पनि ल्याउने कुरो थियो नि ?**

'गोरी तु तो बाटु रुपके खजना, देखा हम तो बाटी हो तोहरे दिवाना' बोलको भोजपुरी पप गीत बजारमा आउने अन्तिम तयारीमा छ । सम्भवत आगामी महिना सर्वजनिक हुन्छ ।

**मोफसलबाट कलाकारिता गर्न कतिको कठिन छ ?**

कठिन नै थियो । त्यसमा पनि मधेसी मुलका हामी जस्ता कलाकारले सजिलै अवसर पाउनु भनेको त दिवास्वप्ना देख्नु सरह हो । महँगो शहर काठमाडौंमा आर्थिकरुपले पनि समस्या हुने नै भयो । यति दिनमा काम सकिन्छ भन्ने टुंगो हुँदैन थियो । अहिलेको पुस्ताले आफूमा भएको प्रतिभा इन्टरनेट, फेसबुक, युट्युबमा देखाउन सक्छन् । उसबेला कसैलाई भेट्नुपर्यो भने लामो समय पछ्याउनुपर्थ्यो । सबैको हातमा अहिले जस्तो टेलिफोन र मोबाइल सर्वसुलभ उपलब्ध थिएनन् । स्रष्टाको अफिस खोज्नुको विकल्प थिएन । यदि भेट भएको अवस्थामा पनि उनीहरुले तुरुन्तै हाम्रो प्रतिभा हेर्दैन थिए । अहिले घरमा बसेर मोबाइल चलाइरहँदा नयाँ प्रतिभा हेर्न पाइन्छ । अहिलेको जस्तो पहुँच नभएकाले त्यो बेला कठिन थियो । बोर्डरमा बस्ने भएकोले शुरुवाती दिनमा भारतको गोरखपुर पुगेर गीत रेकर्डिङ गरिन्थ्यो । अहिले पनि मेरा अधिकाँश गीत गोरखपुरमै रेकर्डिङ हुने गरेको छ । पछिल्लो एल्बम काठमाडौंबाट निकाल्ने सोचले राजेन्द्र बजगाईंको संगीतमा आठ वटा गीत बन्दै थियो, त्यो पनि बीचैमा अड्किरहेको छ ।



**भोजपुरी र नेपाली गीतमा कुन सजिलो गाउनलाई ?**

तराईवासी भएकोले भोजपुरी गीत गाउन सजिलो लाग्छ । नेपाली भएको नाताले आफ्नै भाषामा पनि एल्बम निकाल्ने चाहना भएकोले नेपाली भाषामा गीत बनाएको हुँ । नेपाली गीत गाउने क्रममा अलि समस्या हुँदो रहेछ ।

**स्टेज प्रोगामहरुमा तपाईंको डिमाण्ड कतिको छ ?**

गृह जिल्लामा मात्र नभई अन्यत्र हुने अधिकांश कार्यक्रममा मेरो उपस्तिथि अनिवार्य जस्तै हुन्थ्यो । कोभिड १९ यता कुनै प्रोगाममा गएको छैन । विस्तारै वातावरण सहज बन्दैछ, अब गीतसंगीतमा पनि अलि सक्रिय हुने सोच बनाएको छु ।

**अडियो र सिडी एल्बमको जमना गयो, एल्बम निकाल्ने तयारी गर्दै हुनुहुन्छ किन ?**

आधुनिक प्रविधिको विकाससँगै एल्बमको प्रचलन हराए । पहिले क्यासेट बिक्रीबाट पनि आर्थिक सपोर्ट हुन्थ्यो भने अहिले युट्युबको भर पर्नुपर्छ । मुख्य आयस्रोतको माध्येम भनेको देश, विदेशमा हुने स्टेज कार्यक्रम नै हो । तर आफ्नो कृति दस्तावेजका लागि पनि एल्बमको आवश्यक छ ।

**चलचित्रमा देखिन छाड्नु भयो नि ?**

यो क्षेत्र हामी जस्ता मोफसलबाट धाएर कलाकारिता गर्नु भनेको फलामको चिउरा चपाउनु जस्तै हो । भोलिबाट सुटिङ हुन्छ, तपाईं आइहाल्नुस् भन्नुहुन्छ, खुशी हुँदै हतारहतार झोला बोकेर काठमाडौं उत्रेको साता दिन बित्दा पनि सुटिङ हुने टुंगो हुँदैन । बसाई लम्बिएपछि खान बस्न खर्चको समस्या, अझै कति दिन बस्नुपर्ने हो थाहा हुँदैन । मुश्किलले दुई सिन सुटिङ हुन्छ अनि निर्देशकले भन्नु हुन्छ तपाईंको अब अलि पछि हुन्छ । निर्माताले भन्नुहुन्छ सुटिङ सक्न अलि गाह्रो होला जस्तो भयो आर्थिक सहयोग गर्नु पर्‍यो । कला क्षेत्रमा केही गरुँ भनेर आएकाहरुलाई समस्याको सगरमाथा नै देख्छु म त । त्यसैले अभिनय भन्दा गायन नै ठिक लाग्छ ।

**काठमाडौं नै धाउनुपर्नेको कारण ?**

देशको प्रमुख शहर । सुविधा सम्पन्न प्रविधि जडित स्टुडियो । चलचित्र पनि यहीँबाट निर्माण हुने भएकोले रहर भन्दा पनि बाध्यता ठान्नुस् ।

**तपाईं गायक कि अभिनेता ?**

म आफुलाई कलाकार भन्न रुचाउँछु । गायन मेरो रुचीको विषय हो भने अभिनय सौखमात्र ।

**व्यापार, व्यवसायमा पनि संलग्न हुनुहुन्छ, समय तालिकाको बारेमा थोरै भनिदिनुस् न ?**

घर व्यवहार चलाउन कुनै न कुनै काम गर्नै पर्ने हुन्छ । कलाकारिताबाट सम्भव छैन । त्यसैले पहिलो प्राथमिकता काम बाँकी समय राजनीति, समाजसेवा अनि गीतसंगीत र कलाकारिता ।



## रोमान्टिक पुष्प र श्रद्धा

**काठमाडौं/मस–** दीपक वलीले निर्देशन गरेको लभस्टोरी फिल्म 'कृष्ण लीला'को रोमान्टिक गीत सार्वजनिक भएको छ । शुक्रवार राजधानीको विश्वज्योति हलमा आयोजित एक कार्यक्रमका बीच सार्वजनिक गरिएको 'ए मेरो हजुर' बोलको गीतमा रवि ओड र सुनिता कार्कीको युगल आवाज सुन्न सकिन्छ भने डिआर उपाध्यायको शब्द रचना तथा बाबुल गिरीको संगीत, एरेन्ज, मिक्सिङ र मास्टरिङ छ । तिलिचो ताल र त्यसमाथिको क्षेत्रमा छायांकन भएको गीतको भिडियोमा फिल्मका मुख्य अभिनेता पुष्प खड्का र अभिनेत्री श्रद्धा क्षेत्रीको केमेस्ट्री जमेको छ । गीतको अडियो पक्ष र भिडियोमा कोरियोग्राफी औसत देखिए पनि तिलिचोलाई हिउँले ढाकेको दृश्यले मन जित्छ । लोकेशनले भिडियोमा प्राण भरेको छ । भिडियोमा माइकल चन्दको कोरियोग्राफी र उत्सव दाहालको छायांकन छ ।

पुष्प र श्रद्धासँगै बुद्धि तामाङ, रबिन्द्र झा, भावना गुरुङ, नवीन रेग्मी, हिउँवाला गौतम, आयुष गुरागाई, आयुषा क्षेत्रीलगायतको अभिनय रहेको फिल्ममा शिव ढकालको छायांकन, अर्जुन जिसीको सम्पादन, बाबुल गिरी र अर्जुन पोखरेलको संगीत, लक्ष्मण सुवेदीको कथा, रामजी लामीछानेको कोरियोग्राफी र श्री श्रेष्ठको द्वन्द्व निर्देशन छ । यस फिल्मका प्रस्तुतकर्ता रोहित कट्टेल हुन् । रत्न श्रेष्ठ कार्यकारी निर्माता रहेको फिल्मको निर्मातामा प्रकाश राज कार्की र केवल तामाङ छन् भने पिताम्बर आचार्य र रोजन श्रेष्ठ सह–निर्मातामा छन् । फिल्ममा पुष्पले सुस्त मनस्थिति भएको युवकको भूमिका निर्वाह गरेका छन् । गत वर्ष सार्वजनिक भएको फिल्ममा समावेश 'कुनै दिन' बोलको रोमान्टिक गीत हिट भइसकेको छ ।

## 'प्रेमगन्ज'को शीर्ष गीत सार्वजनिक

**काठमाडौं/मस–** परिच्छेद सेनको डेब्यू निर्देशन रहेको चलचित्र 'प्रेमगन्ज'को शीर्ष गीत 'माथि माथि आकाशमा' रिलिज भएको छ । गीतमा बेनिशा हमाल,तेज गिरि ,राइडर प्रशन , सुप्रिया खनाललाई देख्न सकिन्छ । चलचित्रले दुई कालखण्डको प्रेमकथालाई प्रस्तुत गरेको छ । तेज र बेनिशाले युवा उमेरका मैनाराजाको भूमिकामा अभिनय गरेका छन भने प्रशन र सुप्रियाले टिनएजर मैनाराजाको भूमिका निर्वाह गरेका छन् ।

गीतको कोरियोग्राफीमा एक अर्कामा अगाध प्रेम देखाइए पनि एकले अर्कोलाई नछोई प्रेमभाव प्रदर्शन गरेका छन् । कोरियोग्राफीको यो शैलीलाई प्रष्ट पार्दै परिच्छेद भन्छन् 'चलचित्रको टर्निङ पोइन्ट त्यही नै हो र चलचित्रको सम्पूर्ण कथा उनीहरूको त्यही माया गर्ने शैली भित्र लुकेको छ ।' चलचित्रको टिजरमा पनि राजाले मैनाको छायाँलाई स्पर्श गर्ने कोशिस गरेको दृश्य देख्न सकिन्छ । टिनएजदेखि युवाअवस्थासम्म एकले अर्कोलाई नछोई कसरी प्रेम गर्न सके ? यो कौतुहलता मेटाउन हल जानुपर्ने निर्देशक परिच्छेदको जिकिर छ । गीतको कोरियोग्राफी निर्देशक परिच्छेद स्वयंले गरेका हुन् ।

चलचित्रको गीतमा पुरुषोत्तम ढुङ्गेलको शब्द रचना छ भने किरण भुसालको संगीत रहेको छ ।

## अर्जुन पन्तको स्वरमा मौलिक रत्यौली गीत 'बुहारी'




**काठमाडौं/मस–** गायक अर्जुन पन्त र गायिका सम्झना मगर नयाँ गीत लिएर स्रोता माझ आएका छन् । गायक पन्त र गायिका मगरको स्वरमा 'बुहारी' बोलको गीत सार्वजनिक भएको हो । गीतमा गायक अर्जुनकै शब्द तथा संगीत रहेको छ । मौलिक लोक लयमा आधारित रत्यौली गीत भएको कारणले पनि आमदर्शक तथा स्रोतले मन पराउनेमा आशावादी रहेको गीतका सर्जक अर्जुन पन्तले बताए । एम थापाले गीतलाई एरेन्ज गरेका छन् ।

पन्तले नै निर्देशन गरेको म्यूजिक भिडियोमा सन्जु पौडेल, अर्जुन पन्त, विकाश राज पौडेल, निर्मल पौडेल र अपर्ण परियार 'जिरे'ले अभिनय गरेका छन् ।

नेपाल सरकार
कृषि तथा पशुपंक्षी विकास मन्त्रालय
पशु सेवा विभाग
केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र
प्राकृतिक जलाशय मत्स्य प्रवर्द्धन एवं संरक्षण केन्द्र
हेटौंडा, मकवानपुर, नेपाल

ठेक्का सम्झौता रद्द

(प्रथम पटक प्रकाशन मिति : २०७९/०३/१२)

यस केन्द्रको मिति २०७८/११/१० गते ठेक्का नं. NWFPCC/NCB/W/04/2078-79 - Nursery Construction and Maintance Work सम्वन्धिको कार्यका लागि श्री सन्ध्या निर्माण सेवा (भ्याट नं. ६०६२३४८७८) सँग सम्झौता भएकोमा विभिन्न कारणले उक्त फर्म र यस केन्द्र बिचको सम्झौता रद्द गरिएको जानकारी सरोकारवाला सवैको लागि यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

(सरोज कुमार यादव)
केन्द्र प्रमुख

Tribhuvan University
Surkhet Multiple Campus
Invitation for Bids (IFB)
Notice No: -1-078/079
First date of publication: - 2022-June-26 or 2079/3/12

1. Surkhet Multiple Campus Surkhet invites following electronic bid from eligible Nepalese Bidders under National Competitive Bidding.
2. The details of the project is as follows:

| S.N. | Contract No. | Description of Work | Bid Security Amount (Nrs) and Validity | Bid Document Fee (Nrs) | Bid Validity/Bid Bond Validity Period | Last Date of Bid Submission |
|---|---|---|---|---|---|---|
| 1 | SMC/ Surkhet/Works/ NCB/01/078-79 | Neo-Classic type RCC frame structure building Construction work. | NRS 5,48,000.0 | NRS 5,000.00 | 90 days/120 days from last date of bid submission | 26 July 2022 till 12:00 noon |

3. Eligible Bidders may obtain further information from PPMO's website www.bolpatra.gov.np/egp.

Campus Chief

मकालु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नुम, संखुवासभा
प्रदेश नं १, नेपाल

गाउँपालिकाद्वारा गाउँबासीहरुलाई स्वास्थ्यसम्बन्धी जानकारी मूलक सन्देश


स्वास्थ्य सम्बन्धी गाउँबासीमा सचेतना

१) गर्मीयाममा अपनानुपर्ने कुराहरु
क) सढेंगलेका बासी खानेकुराहरु नखाऔं ।
ख) पानीलाई फिल्टर गरेर वा उमालेर मात्र खाऔं ।
ग) लामखुट्टेको टोकाइबाट बच्न झुलको प्रयोग गरौं ।
घ) पूरा बाउला भएको कपडा लगाऔं ।
ङ) घरवरिपरि सफा गरौं, पानी जम्ने खाल्डाखुल्डी पुरौं ।
च) घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्या ढोकामा जाली लगाऔं ।
ङ) समय समयमा स्वास्थ्य परीक्षण गरौं ।

२) गर्भवती महिलाले ध्यान दिनुपर्ने कुराहरु ।
क) नियमित स्वास्थ्य जाँच गरौं ।
ख) पोषणयुक्त खानेकुरा खाऊँ/खुवाऔं ।
ग) चिकित्सकको सल्लाहअनुसार भिटामिन/आइरन चक्की खुवाऔं ।
घ) गर्ववती महिलालाई ४/६/८ र ९ महिनामा ४ पटक अनिवार्य जाँच गराऔं ।
ङ) प्रसुती हुन अनिवार्य अस्पताल, Birthing Centre वा प्रसुती गृहमा जाऔं ।

३) नवजात शिशुलाई स्याहार कसरी गर्ने
क) नवजात शिशुलाई सकेसम्म छिटो, जन्मेको १ घण्टाभित्र आमाको विगौती दुध खुलाऔं ।
ख) नवजातशिशुलाई आमाको नाङ्गो छातीमा टाँसेर न्यानो पारी राख्न लगाऔं ।
ग) जन्मन साथ नरम, सफा र सुख्खा कपडाले बेरी न्यानो पारेर राख्नुपर्दछ ।
घ) शिशुको नाभी काटिसकेपछि संक्रमणबाट बचाउन नाभी मलम लगाई नाभीलाई सफा र सुख्खा राखौं ।

४) झाडापखलाबाट बच्न निम्न उपायहरु अपनाऔं ।
क) चर्पीमा मात्र दिसापिसाव गर्ने, बच्चाको दिसादिसाप पनि चर्पीमा नै विर्सजन गरौं ।
ख) चर्पीमा गएपछि, बच्चाको चर्पी धोएपछि वा फोहोर छोएपछि राम्रोसँग साबुन पानीले हात धाऔं ।
ग) बासी, काँचो, सढेगलेको खानेकुरा नखाऔं ।
घ) खानेपानीको मुहान सफा र सुरक्षित राखौं ।
ङ) आफ्नो घर, आँगन सफा राखौं ।



# नेपाली क्रिकेट विकासका लागि आईसीसीको प्रतिबद्धता



**काठमाडौं/मस–** युवा तथा खेलकुद मन्त्री महेश्वरजंग गहतराज र आईसीसीका प्रतिनिधिबीच शनिबार भेटवार्ता भएको छ । त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को बैठक कक्षमा भएको भेटमा राखेपका उपाध्यक्ष शिव कोइराला, राखेपका सदस्य-सचिव टंकलाल घिसिङ, नेपाल क्रिकेट संघका अध्यक्ष चतुरबहादुर चन्द, आईसीसी डेभलप्मेन्टका चेयरम्यान इमरान ख्वाजा, आईसीसी डेभलप्मेन्टका जेनरल म्यानेजर विलियम्स ग्लानराईट र आईसीसी फाइनान्स एन्ड ओपरेसन अफिसर नितिशा कोठारीको उपस्थिति थियो ।

सो अवसरमा मन्त्री गहतराजले नेपाल सरकारले क्रिकेटको विकासमा ध्यान केन्द्रित गरी क्रिकेट रंगशाला निर्माणमा लगानी गरेको बताउँदै झापा, चितवन, लुम्बिनी, मूलपानीलगायतका स्थानमा पूर्वाधार निर्माणको कार्य अघि बढिरहेको अवगत गराए । मन्त्री गहतराजले नेपालमा क्रिकेटले पनि फुटबल सरहनै लोकप्रियता हासिल गरेको बताउँदै आईसीसीले नेपाली क्रिकेटको विकासमा गरेको लगानीका लागि धन्यवाद दिए ।

सदस्य-सचिव घिसिङले आईसीसी र परिषद्को दीर्घकालीन सम्बन्धको विकास गर्न क्रिकेट एकेडेमी र टेक्निकल हबको विकास र निर्माणमा सहकार्य गर्नुपर्नेमा जोड दिँदै नेपाल अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गर्न इच्छुक रहेकाले त्यसमा आईसीसीको सहयोग आवश्यक रहेको बताए ।

आईसीसी प्रतिनिधिले नेपालमा क्रिकेटको ठूलो सम्भावना रहेको बताउँदै विद्यालयमा क्रिकेटको विकास गर्न सके सरकारको मात्र भर परिरहनु पर्ने अवस्थाको अन्त्य हुने धारणा राखे ।

यस्तै आईसीसीले नेपाली क्रिकेट विकास लागि सधैं सहयोग गर्न तयार रहेको बताएको छ । क्यानको आर्थिक नियन्त्रण पूर्ण रूपमा हटाएसँगै क्यानमाथिको सम्पूर्ण निलम्बन फुकुवा भएको छ । यस बारे शनिबार आईसीसीका प्रतिनिधिले नेपालमाथि लगाएको आंशिक आर्थिक नियन्त्रण फुकुवा भएको औपचारिक जानकारी गरायो । आईसीसीका प्रतिनिधि इमरान ख्वाजाले नेपालले पूरा गर्नु पर्ने सबै प्रावधान चरण बद्ध तरिकाले पूरा गरेको भन्दै फुकुवा भएको बताए ।

क्यानमा राजनीतिक हस्तक्षेप र आर्थिक पारदर्शिता कायम नभएको भन्दै आईसीसीले सन २०१६ अप्रिलमा निलम्बन गरेको थियो । यद्यपि नेपालले अन्तर्राष्ट्रिय प्रतियोगितामा पनि सहभागिता जनाउँदै आएको थियो । २०७६ असोजमा सम्पन्न विशेष साधारण सभामार्फत चतुरबहादुर चन्द नेतृत्वमा नयाँ कार्यसमिति गठन भएको थियो । त्यसपश्चात आईसीसीले क्यानमाथि लगाएको निलम्बन सर्त राख्दै फुकूवा गरेको थियो ।

आईसीसीले क्यानको आर्थिक गतिविधिमा नियन्त्रण गरेकाले आर्थिक मामिलामा आईसीसीको भर पर्नुपर्ने अवस्था नेपाली क्रिकेटमा थियो । अब अब भने आर्थिक गतिविधिसहितको सबै निलम्बन हटेको र क्यानले आफ्नो योजना स्वतन्त्र तरिकाले अगाडि बढाउन पाउने नेपाल क्रिकेट संघका अध्यक्ष चतुर बहादुर चन्दले बताए ।

नेपाली क्रिकेट संघमाथिको निलम्बन फुकुवा देखि नै संघको निर्वाचित कार्यसमितिले आइसिसीको सम्पूर्ण मापदण्डहरूलाई क्रमशः पूरा गर्दै आर्थिक पारदर्शितामा उत्कृष्ट कार्यसम्पादन गरेको मूल्यांकनका आधार बनाएको थियो ।

# संकटामाथि एनआरटीको जित



**काठमाडौं/मस–** सहिद स्मारक ए डिभिजन लिग क्लब न्युरोड टिम (एनआरटी) ले मैत्रीपूर्ण खेलमा संकटा क्लबलाई पराजित गरेको छ । त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा शनिबार भएको मैत्रीपूर्णमा एनआरटीले ए डिभिजन प्रतिद्वन्दी संकटालाई ३-२ गोल अन्तरले हराएको हो ।

प्रतिस्पर्धात्मक खेलमा शुरुवाती अग्रता भने संकटाले लिएको थियो । खेलको १५ औं मिनेटमा संकटाका लागि आशिष सुनमले गोल गर्दै अग्रता दिलाएका हुन् । पहिलो हाफको अतिरिक्त दोस्रो मिनेटमा हिजो मात्रै एनआरटीको कप्तान नियुक्त भएका रन्जीत धिमालले गोल गरेपछि बराबरी भएको थियो ।

पहिलो हाफ बराबरीमा सकिएको खेलको दोस्रो हाफको सुरुमै संकटाले फेरि अग्रता बनाएको थियो । ४७ औं मिनेटमा मोएसले गोल गरेपछि संकटा २-१ गोलले अघि बढेको थियो । ५८ औं मिनेटमा स्टेफन समिरले गोल गरेपछि एनआरटीले खेल २-२ को बराबरीमा ल्याएको थियो ।

बराबरी भएको २ मिनेट पछि दीपेश घलेले गोल गर्दै एनआरटीलाई ३-२ को अवस्थामा पुऱ्याएका थिए । त्यसपछि थप गोल नभएपछि अन्ततः एनआरटी ३-२ गोल अन्तरले विजयी भयो ।

प्रि-सिजन टुर अन्तर्गत मलेसिया र थाइल्याण्ड भ्रमण अघि एनआरटीले मैत्रीपूर्ण खेल खेलेको हो ।

# महेन्द्र रत्नलाई भलिबल उपाधि




**काठमाडौं/मस–** महेन्द्र रतन क्याम्पसले राष्ट्रव्यापी खेलकुदअन्तर्गत प्रथम उपत्यकाव्यापी पुरुष भलिबल प्रतियोगिताको उपाधि शनिबार जितेको छ ।

ताहचलस्थित घरेलु कोर्टमा महेन्द्र रत्नले फाइनलमा रत्नराज्य क्याम्पसलाई २७-२५, २५-२३ र २५-२१ को सोझो सेटमा पराजित गऱ्यो । ७१ औं मदन जयन्तीका अवसरमा मदन भण्डारी स्पोर्ट्स एकेडेमीअन्तर्गत केन्द्रिय भलिबल विभागद्वारा आयोजित प्रतियोगितामा नेपाल कमर्स क्याम्पसले त्रिचन्द्र क्याम्पसलाई २५-१९, २२-२५, २५-१९ र २५-२१ को सेटमा हराउदै तेश्रो भयो । उपाधिसंगै महेन्द्र रत्नले १ लाख नगद पुरस्कार हात पाऱ्यो । दोश्रोले ५० हजार र तेश्रोले २५ हजार नगद पुरस्कार पाए ।

महेन्द्र रत्नका हेमन्त मल्ल प्रतियोगिताकै उत्कृष्ट खेलाडी घोषित भए । सर्भरमा रत्नराज्यका रोहित थापा मगर, स्पाइकरमा रत्नराज्यका प्रदीप गुरुङ, ब्लकरमा कमर्सका सफल विक, सेटरमा कमर्सका सुवास कुँवर तथा लिफ्टरमा रत्नराज्य लवसन क्षेत्री उत्कृष्ट चुनिए । उत्कृष्ट सबैलाई नगद पुरस्कार प्रदान गरिएको थियो ।

# जयरानीको अर्को कीर्तिमान




**काठमाडौं/मस–** नेपाल आर्मीकी जयरानी थारुले ४४ औं राष्ट्रिय एथलेटिक्स प्रतियोगिताको दोश्रो दिन शनिबार अर्को नयाँ राष्ट्रिय कीर्तिमान बनाएकी छन् ।

जयरानीले महिला ४ सय मिटर हर्डल्स (बाधा दौड) १ मिनेट ०७.२ सेकेन्डमा दूरी पूरा गर्दै नयाँ राष्ट्रिय कीर्तिमान कायम गरेकी हुन् । जयरानीले छैटौं राष्ट्रिय खेलकुदमा एपीएफकी सविता चौधरीले बनाएको १ मिनेट ०७.७ सेकेन्डको कीर्तिमान भंग गरेकी हुन् । पहिलो दिन शुक्रबार जयरानीले १ सय मिटर हर्डल्समा १५.२० सेकेन्डको कीर्तिमान रचेकी थिइन् । यसअघि उक्त कीर्तिमान प्रमिला थारुको नाममा थियो । प्रमिलाको टाइमिङ १६.३८ सेकेन्ड थियो । शुक्रबारै आर्मीका जीवन थारुले पुरुष १ सय १० मिटर हर्डल्समा १४.९६ सेकेन्डको कीर्तिमान बनाएका थिए । उनले आफ्नै नाममा रहेको १५.६० सेकेन्डको कीर्तिमान सुधार गरेका थिए ।


बागमती प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातयात पूर्वाधार निर्देशनालय
**पूर्वाधार विकास कार्यालय**
ललितपुर

**मकवानपुर- थिनगान-मन्थली-तालढूङ्गा सडक अन्तर्गतको बागमती गा.पा. गिम्दी खुर्मी ल.पू र बागमती गा.पा. ९ गहते सुमरा, मकवानपुर जोड्ने बगमती नदी मोटरेबल पुल (९० मी.) ललितपुर र मकावनपुर जिल्ला, बागमती प्रदेशको निर्माण कार्यको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्बजनिक सूचना**

प्रकाशन मितीः २०७९/०३/१२

बागमती प्रदेश, ललितपुर जिल्ला, बागमती गाउँपालिका र मकावनपुर जिल्ला, बागमती गाउँपालिकामा पूर्वाधार विकास कार्यालय, ललितपुरद्वारा निम्न बमोझिम प्रस्ताब कार्यन्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्ताबकको नाम र ठेगाना | पूर्वाधार विकास कार्यालय, ललितपुर, बागमती प्रदेश |
| प्रस्तावको व्यहोरा | बागमती गा.पा. गिम्दी खुर्मी ल.पू र बागमती गा.पा. ९ गहते सुमरा, मकवानपुर जोड्ने बगमती नदी मोटरेबल पुल<br>पुलको लम्वाई/स्पान- ९० मीटर, २ स्पान<br>क्यारेजवेको चौडाई : ६.० मीटर, फुटपाथको चौडाइ : २ x १.२ मी.<br>पुलको प्रकार : RCC T Beam |
| प्रभाब पर्न सक्ने जिल्ला न.पा र वार्ड | बाँया किनार : ललितपुर जिल्ला, बागमती गाउँपालिका - ७<br>दाँया किनार : मकावनपुर जिल्ला, बागमती गाउँपालिका वार्ड नं- ९ |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिबेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनि या यकिन गर्न सो स्थानको गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय-सुझाब लिन आवश्यक भएकाले यो सार्बजनिक प्रकाशन भएको मितिले पन्ध्र दिन भित्र निम्न ठेगानामा उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

| प्रस्ताबकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| **बागमती प्रदेश सरकार - भौतिक पूर्वाधार विकास मन्त्रालय**<br>यातायात पूर्वाधार निर्देशनालय<br>पूर्वाधार विकास कार्यालय<br>ललितपुर, बागमती प्रदेश | **सुप्रिया ईन्जिनियरिङ्ग कन्सल्ट्यान्ट प्रा.लि.**<br>कोटेश्वर, काठमाडौं<br>फोनः फोनः ९८५११४७६५६<br>ईमेल : igoit@yahoo.com |



## कम्पनीको नाम परिवर्तन भएको सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०७९।०३।१२**

यस कम्पनीको मिति २०७९/०२/१६ को विशेष साधारण सभाको निर्णयानुसार यस कम्पनीको साविक नाम **बि. एण्ड बि. कन्सल्टीङ सर्भिसेज प्रा.लि**.को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नाम **नेपटेक सोलुसन्स प्रा.लि**.ले सकार्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९।०२।२४ को निर्णयानुसार यस कम्पनीको नाम पारिवर्तन गरी नेपटेक सोलुसन्स प्रा.लि. कायम गरिएकोले सम्पूर्णको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०७९/०३/१२**

**एस.एस. स्टडी सेन्टर प्रा.लि**. को मिति २०७९/०२/१० गतेमा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **सुपर सक्सेस दक्ष एकाडेमी प्रा.लि. (प्रा. लि. नं.: ७४९९७)**, कायम गर्ने गरी मिति २०७९/०३/०५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति २०७९/०३/१२

यस कम्पनीको मिति २०७९/०१/१५ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७९/०२/२७ को निर्णय अनुसार साविक कम्पनी **ईर्जी प्रोपर्टी सोलुसन प्रा.लि**. (प्रा.लि.नं. २३११०९) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु ब्यहोर्नु पर्ने ऋण, धन, कर, दायित्व आदि परिवर्तित नामको **भिजन रियल स्टेट प्रा.लि**. अंग्रेजीमा **Vision Real Estate Pvt. Ltd.** ले सकार्ने ब्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको ब्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।



## मलेसिया र साउदीमा वैदेशिक रोजगारको अवसर

१. कम्पनीः WSL HR SERVICES SDN. BHD. शहर : MALAYSIA,SEMBLIN
पूर्व स्वीकृत मितिः २०७९/०३/१० चलानी नं.: ६०१८१७०१ L.T. No.: 265544

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner | 50 | 0 | स. काममा दक्ष | 1500 | ४२,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनीः ABDULLAH AL ZAHRAH RESTAURANTS शहर : JEDDAH
पूर्व स्वीकृत मितिः २०७९/०३/१० चलानी नं.: ६०१८१५४ L.T. No.: 265825

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 5 | 0 | स. काममा दक्ष | 1000 | ३३,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार १९ गते (3 July 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**GRAND SUITE JOB PVT. LTD.**
Koteshwor-32, Kathmandu, Tel : 01-5100475 Mobile: 9851178332
E-mail: info@grandsuitejob.com, Web.: www.grandsuitejob.com.np
श्रम इजाजत नं.: ८८०/०६७/०६८



## साउदीमा रोजगार

कम्पनीः ADAWA AL-SULTAN TRADING EST. शहरःSAUDI
पुर्व स्वीकृत मितिः २०७९/०३/१० चलानी नं.: ६०१८१७६७ L.T. No.:265706

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३३,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार १९ गते (3 July 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Future Link International Pvt. Ltd.**
Gov. Lic. No. 839/066/067
P.O. Box.: 24253, Sinamangal-9, Kathmandu, Tel No.: 4488939, 4488940
Email: info@futurelinkint.com, futurelink786_2010@hotmail.com, futurelink78639@yahoo.com
Website: www.futurelinkint.com



## साउदीमा रोजगार

कम्पनी : MASNA ALNAMOTHAJI ALAWAL LSNAT (CR 1010415376) शहरः RIYADH
पुर्व स्वीकृत मितिः २०७९/०३/१० चलानी नं.: ६०१८१२०१ L.T. No.:265865

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOR | 2 | 0 | स. काममा दक्ष | 1000 | ३३,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार १९ गते (3 July 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु.१०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अल रायन इन्टरप्राइजेज प्रा. लि.**
श्रम इजाजत नं. ४१६/०६०/०६१
पो.ब.नं. ५०९१, अनामनगर, काठमाडौं, नेपाल, फोनः ४७७१०१३
मोः ९८५१०६०१८५, Email: alryannepal@gmail.com



## कतारमा रोजगारको अवसर

कम्पनीः AL DIKSHYA CLEANING HOSPITALITY & SERVICES WLL शहरः DOHA
पूर्व स्वीकृत मितिः २०७९/०३/१० चलानी नं.: ६०१८१६४२ LT. No.: 265839

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Busin Executive | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ८५,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 1 | 0 | | 1500 | ५१,३१५ | | | | | | | |
| 3. | Foreman | 2 | 0 | | 2500 | ८५,५२५ | | | | | | | |
| 4. | Gen Clean Worker | 5 | 0 | | 1200 | ४१,०५२ | | | | | | | |
| 5. | General Supervisor | 1 | 0 | | 3000 | १,०२,६३० | | | | | | | |
| 6. | Labourer | 1 | 0 | | 1000 | ३४,२१० | | | | | | | |
| 7. | Supervisor | 1 | 0 | | 2500 | ८५,५२५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ असार १९ गते (3 July 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्होंने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले व्होंने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**माउण्टेन ग्रुप ईन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ९९४/०६८/०६९
टोखा-७, बसुन्धारा, काठमाडौं, नेपाल, फोनः ०१ ४९८७४९४, ०१ ४९८३९८३
मोः ९८४११३५५३५, ९८५१२११११८८, फ्याक्सः ०१ ४९८७४९५
WhatsApp Viber IMO Botim No. : 9802068888

# जनशक्ति अभावको कारण बीमा दाबी भुक्तानी ढिलो भएको हो : प्रवक्ता ज्ञवाली






**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, ११ असार ।

स्वास्थ्य बीमा बोर्डले चालु आर्थिक वर्षको हालसम्म १२ अर्ब ४० करोड बराबरको बीमा भुक्तानी गरिएको जनाएको छ । तर, अझै पनि चालु आर्थिक वर्ष अगाडिको ७ अर्ब बीमा भुक्तानी गर्न बाँकी रहेको बोर्डका प्रवक्ता सम्भुप्रसाद ज्ञवालीले बताएका छन् ।

चालु आर्थिक वर्षमा स्वास्थ्य बीमा बापत लक्षित वर्ग सहित सबैको गरेर ३ अर्ब भन्दा धेरै रकम उठ्ने सम्भावना रहेको प्रवक्ता ज्ञवालीको भनाइ छ । जसमा ४० प्रतिशत जति लक्षित वर्गका पारिवारिक सदस्यहरु रहेका छन् । उनिहरुको प्रिमियम निःशुल्क हुने हुँदा त्यस बापतको प्रिमियम नेपाल सरकारले भुक्तानी गर्ने ज्ञवालीले बताए ।

बिगतकै दाबी भुक्तानी पेन्डिङमा रहेको कारणले बोर्डले प्रिमियम संकलनकै आधारमा दाबी भुक्तानी गर्न सक्ने अवस्था नरहेको देखिन्छ । त्यसको लागि सरकारले सम्बोधन गर्नुपर्ने हुन्छ । अहिले टिचिङ, धरान लगायतका अस्पतालको बीमा भुक्तानीको समस्या रहेको स्वीकार गर्दै ज्ञवालीले कतिपयको दाबी भुक्तानीको मागको विश्लेषणमा पनि ढिलाई भएकाले भुक्तानी ढिलाई हुन गएको बताए ।

'यहाँ स्थायी कर्मचारी आउन नमान्ने, करारमा रहेका फार्मेसी अधिकृत, मेडिकल अधिकृत, जनस्वास्थ्य अधिकृत, नर्सिङ अधिकृतहरु भर्ना भएर काम गरेको केही समयपछि अन्यत्र प्लेटफर्म प्राप्त गर्नेवित्तीकै गैहाल्नुहुन्छ । प्राविधिक जनशक्ति अभावको कारणले पनि हामीले समयमा दाबी भुक्तानी गर्न नसकेको अवस्था छ,' प्रवक्ता ज्ञवालीले भने ।

अहिलेसम्म स्वास्थ्य बीमा कार्यक्रममा ५६ लाख नेपाली आवद्ध भएको र त्यसमा ४० प्रतिशत लक्षित वर्ग रहेका छन् । करारका कर्मचारीहरु धेरै भएको र स्वास्थ्य बीमा कार्यक्रमलाई सफलतापूर्वक कार्यान्वयन गर्ने कुरा चुनौतिपूर्ण रहेको प्रवक्ता ज्ञवालीको भनाइ छ ।

स्वास्थ्य बीमा बोर्डमा बीमा कार्यक्रममा आवद्ध भएका स्वास्थ्य संस्थाहरूले आफ्नो फार्मेसी बाहिरको बिल पनि पेस गरेर दाबी भुक्तानी माग गर्ने गरेको भेटिएको छ । स्वास्थ्य बीमा बोर्डले पछिल्लो समय आवद्ध नभएका स्वास्थ्य संस्थाको बिलका लागि पनि दाबी भुक्तानीका लागि आउने गरेको बताएको छ ।

बोर्डका प्रवक्ता ज्ञवालीका अनुसार त्यस्तो काम सरकारी स्वास्थ्य संस्थाहरुले भन्दापनि निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य संस्थाहरुले गरिरहेका छन् ।

'आफ्नो स्वास्थ्य संस्था अन्तर्गत फार्मेसीको बाहेक बाहिरको बिल पनि पेस गरेर दाबी भुक्तानी गर्ने काम केही संस्थाहरुले गर्ने गरेका छन्, बोर्डले स्वास्थ्य संस्था बाहेक बाहिरबाट बिल पेस गरेको दाबी भुक्तानीको भने अहिलेसम्म भुक्तानी गर्ने काम भने गरेको छैन,' उनले भने ।

आफ्नो फार्मेसीमा उपलब्ध नभएको औषधी र ल्याब परीक्षण बिलको पनि दाबी भुक्तानी माग गर्न थालेपछि बोर्डले सार्वजनिक सूचना निकालेर सम्बन्धित स्वास्थ्य संस्थालाई त्यसो नगर्न भनेको छ । साथै बोर्डले कतिपय स्वास्थ्य संस्थाहरुले बिमारीलाई बिलिङ नगरिदिने गुनासो पनि बोर्डमा आउने गरेको बताएको छ ।

ज्ञवालीका अनुसार फरक संस्थाको बिल पेस गर्ने समस्या भने ठुलो परिमाणमा रहेको छैन्, तर प्रवृत्तिगत रुपमा भने यो राम्रो संकेत नभएको उनको भनाई छ । 'सो सन्दर्भमा २ प्रकारका समस्या देखिएका छन्, एउटा चिठी नै लेखेर पठाए, यसरी हाम्रोमा नभएको औषधी अथवा हाम्रोमा नभएको टेस्ट बाहिर गरेर ल्याएर हामीले क्लेम गर्न पाइने कि नपाइने भन्ने आयो । त्यो नपाइने भन्ने कुरा हाम्रो परिपत्रले गरेको छ । अर्को कतिपय बिल बाहिरको नै पेस गर्ने काम गरिएको छ,' प्रवक्ता ज्ञवालीले भने ।

बोर्डमा आएका गुनासो र समस्यालाई मध्यनजर गर्दै बीमा कार्यक्रममा आवद्ध भएका स्वास्थ्य संस्थाहरुलाई आगामी साउन १ गतेदेखि समस्यालाई नदोहोर्याउन भनिएको प्रवक्ता ज्ञवालीले बताए । उनका अनुसार त्यतिबेलासम्म बीमा बोर्डमा स्वास्थ्य संस्थाभन्दा बाहिरबाट प्राप्त हुने बिलको पनि बोर्डले भुक्तानी गर्दैन ।

## 'गण्डकी प्रदेशको समृद्धिमा निजी क्षेत्रको सहयोग महत्वपूर्ण'




**काठमाडौं/मस –** गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले समृद्ध गण्डकी प्रदेश निर्माण गर्ने सपना साकार पार्नका लागि निजी क्षेत्रको सहयोग महत्वपूर्ण हुने बताएका छन् । 'समृद्ध गण्डकी प्रदेशः सम्भावना र चुनौती' विषयमा आर्थिक मिडिया र बेदव्यास क्रिएशनले आज पोखरामा आयोजना गरेको 'गण्डकी आर्थिक बहस-२०७९' मा उनले समृद्धिका लागि सरकार आफ्नो स्रोत, साधन र क्षमताले भ्याएसम्म लागिपरेको बताए ।

उनले भने, 'समृद्ध गण्डकी प्रदेश बनाउने सरकारको सपनामा निजी क्षेत्रको सहयोग मुख्य रहन्छ, सरकार निजी क्षेत्रलाई सहयोग गर्न सधैं प्रतिबद्ध छ, देशको अर्थतन्त्रको ८० प्रतिशत निजी क्षेत्रमा आधारित रहेकाले यो क्षेत्र जबसम्म जुर्मुराउँदैन तबसम्म सरकार अगाडि बढ्न सक्दैन ।' प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा रघुराज काफ्लेले निजी क्षेत्रको सक्रिय सङ्लग्नताबिना विकास सम्भव नभएको बताए । प्रदेश सरकारले बनाएका नीति, नियम तथा कानुन आर्थिक गतिविधिलाई चलायमान बनाउन र निजी क्षेत्रको प्रवर्द्धनका लागि रहेको उनको भनाइ छ ।

स्वतन्त्र ऊर्जा उत्पादक संघ (इपान) गण्डकीका अध्यक्ष जगत पोखरेलले जलविद्युत् क्षेत्रको विकासबाट गण्डकी प्रदेशको समृद्धि सम्भव रहेको बताए । उनले यहाँका नदीनालाबाट विद्युत् उत्पादन गरी ऊर्जाको बिक्री वितरणबाट प्रदेश र प्रदेशवासीलाई धनी बनाउन सकिने उल्लेख गरे । पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपी भट्टराईले अनावश्यक राजनीतिक हस्तक्षेपले पर्यटन क्षेत्रमा असर पारेको बताए । उनले व्यक्तिको क्षमताका आधारमा नभई राजनीतिक पार्टी हेरेर व्यक्तिलाई माथि पुर्याउने परिपाटीले समस्या उत्पन्न भएको जिकिर गरे । उद्योग वाणिज्य संघका केन्द्रीय सदस्य बाबुराम गिरीले लगानीमैत्री वातावरण बनाउने दायित्व सरकारको भए पनि त्यो हुन नसकेको बताए । उनले पोखरा महानगरपालिका र प्रदेश सरकारले गरेका निर्णय कार्यान्वयन गर्न कठिनाइ भएको पनि उल्लेख गरे । आयोजक संस्था आर्थिक मिडिया प्रालिका अध्यक्ष सुरेन्द्र पौडेलले प्रदेशको समृद्धिका लागि सरकारी, निजी क्षेत्र तथा सरोकारवालाको सहभागितामा बहसमूलक कार्यक्रममार्फत सम्भावना र चुनौती पहिल्याउनका लागि कार्यक्रम गरिएको बताए ।

# पेट्रोलमा २० र डिजेलमा २९ मूल्य घट्यो



**काठमाडौं/रासस –** सरकारले पेट्रोलियम पदार्थको मूल्य घटाएको छ । मन्त्रिपरिषद्को शनिबार बसेको बैठकले पेट्रोलमा २० र डिजेलमा २९ मूल्य घटाएको उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दिलेन्द्रप्रसाद बडूले मन्त्रालयमा पत्रकार सम्मेलन गरेर जानकारी दिएका हुन् । उनका अनुसार पेट्रोलमा २० र डिजेलमा २९ मूल्य घटेको छ । जसअनुसार हाल पेट्रोलमा १९९ रहेकामा २० घटेर १७९ कायम गरिएको छ । त्यस्तै डिजेलमा १९२ बाट २९ घटाएर १६३ कायम गरिएको छ । नयाँ मूल्य आजै राति १२ बजेदेखि लागू हुनेछ । मन्त्रिपरिषद्को निर्णयलगत्तै मन्त्री बडूले पत्रकार सम्मेलन गरेर सो जानकारी दिएका हुन् । 'यो आजैको मन्त्रिपरिषद् बैठकको निर्णय हो । सुझावका आधारमा बैठकले निर्णय गरेको हो', मन्त्री बडुले भने ।

उद्योगमन्त्री बडूले पेट्रोलियम पदार्थको अत्यधिक मूल्यवृद्धिले जनालाई मर्का परेको भन्दै थोरै भए पनि राहत हुनेगरी मूल्य घटाइएको बताए । सरकारले पेट्रोलियम पदार्थमा लगाउँदै आएको कर घटाएर भए पनि जनतालाई राहत दिनुपर्छ भन्ने हेतुले मूल्य घटाइएको उनले उल्लेख गरे । 'यसले समग्र समाधान त हैन तर, तत्काल जनताले भोगेको समस्यालाई केही राहत दिन्छ भन्ने सरकार र मन्त्रालयको विश्वास छ', उनले भने ।

## बजार अनुगमनलाई प्रभावकारी बनाइने

सरकारले दैनिक उपभोग्य वस्तुको मूल्य नियन्त्रण र खाद्यवस्तुको अभाव हुन नदिन प्रभावकारी अनुगमन गर्ने भएको छ । उद्योगमन्त्री बडूले संघ, प्रदेश र स्थानीय तहसँगको समन्वय र सहकार्यमा बजार अनुगमनलाई प्रभावकारी बनाई मूल्य नियन्त्रण गरिने विश्वास व्यक्त गरे । बजारमा सबै उपभोग्य वस्तुमाथि भइरहेको मूल्य घटाई व्यवसायीले जनता उपभोक्तालाई राहत हुनेगरी काम गर्न उनले आग्रह गरे । मन्त्री बडूले उपभोग्य वस्तुमाथि कानूनविपरीत मूल्यवृद्धि गरेको पाइएमा कारवाहीको दायरामा ल्याइने भन्दै यस कार्यमा सञ्चारमाध्यम र उपभोक्ताले सहयोग गर्नुपर्ने धारणा राखेका थिए । अन्तर्राष्ट्रिय बजारमा पनि पेट्रोलियम पदार्थको अभाव र मूल्यवृद्धि बढिरहेकाले त्यसैको प्रभावस्वरुप बजारमा अत्यावश्यक उपभोग्य वस्तुको मूल्यवृद्धिले सर्वसाधारण जनता मारमा परेको विषयप्रति सरकार गम्भीर र संवेदनशील छ । सोही विषयलाई मध्यनजर गर्दै सरकारले पेट्रोलियम पदार्थको मूल्यवृद्धिले सर्वसाधारण जनतालाई असर पुरयाएकोले सरकारले पेट्रोलियम पदार्थको मूल्य घटाउने निर्णय गरेको मन्त्री बडूले जानकारी दिए ।

पेट्रोलियम पदार्थको मूल्य घटाउने विषयमा प्रधानमन्त्री शेरबहादुर देउवाको अध्यक्षतामा बिहान सत्ता गठबन्धनका शीर्षस्त नेताहरुको बैठक भएको थियो । उक्त बैठकमा सम्बन्धित मन्त्रालयका सचिव र नेपाल आयल निगमका उच्च पदाधिकारीको उपस्थिति थियो । उक्त बैठकले वर्तमान अवस्थामा जनतालाई राहत दिने उद्देश्यले पेट्रोलियम पदार्थको मूल्य घटाउने सुझाव दिएअनुरुप मूल्य समायोजन गरिएको हो । बैठकमा प्रधानमन्त्री देउवाले तत्कालका लागि जनतालाई राहत हुनेगरी पेट्रोलियम पदार्थको मूल्य समायोजन गर्न दिनुभएको निर्देशनबमोजिम मूल्य घटाइएको मन्त्री बडुले बताए ।

## सरकारी कार्यालयमा विद्युतीय सवारी

पेट्रोलियम पदार्थको खपत कम गर्न विद्युतीय चुल्हो र विद्युतीय सवारीसाधनमा प्रोत्साहन गरिने मन्त्री बडूले जानकारी दिए । बजेटमा व्यवस्था भएको विषयलाई कार्यान्वयन गर्न राष्ट्रिय योजना आयोगको उपाध्यक्षको संयोजकत्वमा गठित उच्चस्तरीय कार्यदलको सिफारिसअनुरुप कार्यान्वयन गरिनेछ । सरकारी कार्यालयमा विद्युतीय सवारीसाधन प्रयोग गर्ने, पुरानालाई विद्युतीयमा रुपान्तरण गर्ने तथा ठूला सवार ीसाधनलाई विद्युतीय रुपान्तरण गर्ने नीतिगत निर्णय गरिनेछ । पेट्रोलियम पदार्थको खपत कम गर्न अन्य मुलुकको असल अभ्यासलाई पनि अध्ययन गरेर विज्ञसँगको परामर्शपछि निर्णय लिने र हालको निगमको व्यवस्थापनलाई चुस्त र प्रभावकारी बनाउन पनि कार्यदलले सुझाव दिएपछि कार्यान्वयनमा लगिने मन्त्री बडूले जानकारी दिए ।

## हालसम्मकै उच्च सुर्तीजन्य वस्तु आयात



**काठमाडौं/मस –** चालु आर्थिक वर्षको जेठ महिनामा सुर्तीजन्य वस्तु आयात हालसम्मकै उच्च भएको छ । आयात भएको तथ्यांकअनुसार अन्य महिनाको तुलनामा जेठ महिनामा सबैभन्दा बढी सुर्तीजन्य वस्तु आयात भएको देखिएको छ । देशले चालु आर्थिक वर्षको जेठ मसान्तसम्ममा ३ अर्ब ३९ करोड ६१ हजार रुपैयाँ बराबरको सुर्तीजन्य वस्तु आयात गरेको छ । उक्त आयातित सुर्तीजन्य वस्तुबाट नेपालले ३ अर्ब २३ करोड ६५ लाख ५४ हजार रुपैयाँ राजस्व महशुल संकलन गरेको भन्सार विभागको तथ्यांकले देखाएको छ ।

नेपालले ११ महिनाको अवधिमा ३ अर्ब बढीको सुर्तीजन्य वस्तु आयात गर्दा जेठ महिनामा मात्रै ६१ करोड ६७ लाख ९७ हजार रुपैयाँको आयात भएको छ । जुन हालसम्मकै बढी हो । भन्सार विभागको तथ्यांकअनुसार यसभन्दा अगाडिका महिनाहरूमा ३० करोडको हाराहारीमा आयात हुँदै आएको थियो । वैशाखमा नेपालले ३४ करोड ८८ लाख ११ हजार रुपैयाँ र चैतमा २१ करोड २१ करोड ६३ लाख १९ हजार रुपैयाँको आयात भएको तथ्यांकले देखाएको छ ।

## माछापुच्छ्रेद्वारा हलेसी मन्दिरलाई मेसिन हस्तान्तरण



**काठमाडौं/मस –** माछापुच्छ्रे बैंक लिमिटेडले खोटाङ जिल्लाको हलेसी तुवाचुङ नगरपालिका स्थित प्रसिद्ध हलेसी मन्दिरलाई भक्तजन गन्ने मेसिन हस्तान्तरण गरेको छ । शनिवार हलेसी तुवाचुङस्थित प्रसिद्ध हलेसी मन्दिरमा आयोजित विशेष कार्यक्रममा प्रमुख अतिथि तुवाचुङ नगरपालिका प्रमुख विमला राई एवं हलेसी तुवाचुङ नगरपालिका उपप्रमुख रमेश कुमार राउतको उपस्थितिमा माछापुच्छ्रे बैंकका प्रमुख कार्यकारी अधिकृत सन्तोष कोइरालाले उक्त मेसिन हस्तान्तरण गरेका हुन् ।

हाल प्रसिद्ध हलेसी मन्दिरमा दैनिक रुपमा सयौ दर्शनार्थीहरु दर्शन गर्न आउने भएपनि मेसिनको अभावमा एक दिनका के कति दर्शनार्थी दर्शन गरे भन्ने कुराको रेकर्ड मन्दिरसँग नभएकाले बैंकले उक्त कुरालाई मध्यनजर गर्दै भक्तजनको संख्या गन्ने मेसिन हस्तान्तरण गरेको हो । बैंकले प्रदान गरेको मेसिनमा सीसीटीभी क्यामेरा जडान गरिएको हुनाले उक्त मेसिनले भक्तजनको संख्या गन्नुका साथै मन्दिरको सुरक्षामा समेत सघाउ पुर्याउने छ ।

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: बागबजार, काठमाडौं, फोन: ०१-४२२६३६६, ०१-४२२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: मदनकुमार श्रेष्ठ